महिला विरुद्धको भेदभाव उन्मूलन समितिको

नेपालको सातौँ आवधिक प्रतिवेदन सम्बन्धी

निष्कर्षात्मक टिप्पणी

नेपाल सरकार

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

महिला, कानून र विकासको लागि २०५२

अभिभेद र समानताका लागि कार्यरत

FWLD

UN WOMEN

महिला विरुद्धको भेदभाव उन्मूलन समितिको

नेपालको सातौँ आवधिक प्रतिवेदन सम्बन्धी

निष्कर्षात्मक टिप्पणी

नेपाल सरकार

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन नं.: ०१-४२०००८२, ०१-४२००४००

इमेल : info@mowcsc.gov.np

Website : https://mowcsc.gov.np/

महिला, कानुन र विकास मञ्च (FWLD)

७२, आदर्श मार्ग, थापाथली

पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल

फोन नं. ५३३३५२५, ५३३३५२४, ५३६६४१५

इमेल : info@fwld.org

Website : www.fwld.org

यूएन विमेन (UN Women)

यू.एन.. हाउस, पुल्चोक, ललितपुर

पो.ब.नं.. १०७, काठमाडौं, नेपाल

फोन नं.: ०१-५५२३२००

Website : nepal.unwomen.org

पृष्ठभूमि

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of All Forms of Discrimination against Women)

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (महिला महासन्धि) महिलाका मानव अधिकारहरु संरक्षण र सम्बर्द्धन गर्ने एक महत्वपूर्ण अन्तर्राष्ट्रिय लिखतको रुपमा रहेको छ । त्यसैले यस महासन्धिलाई महिलाहरुको अन्तर्राष्ट्रिय अधिकारपत्र (International Bill of Rights for Women) पनि भनिन्छ । महिला महासन्धि महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने तथा लैङ्गिक समानता कायम गर्ने मुख्य उद्देश्य राखी संयुक्त राष्ट्र संघको महासभाद्वारा १८ डिसेम्बर, १९७९ मा पारित भई ३ सेप्टेम्बर १९८१ देखि लागू भएको हो ।

महिला महासन्धिमा गरिएका व्यवस्थाहरु ६ भाग र ३० धाराहरुमा बाँडिएका छन् । सामान्य रुपमा महासन्धिलाई पहिलो खण्डमा महासन्धिको धारा १ देखि ५ सम्म, दोस्रो खण्डमा महासन्धिको धारा ६ देखि १६ सम्म तथा तेस्रो खण्डमा महासन्धिको धारा १७ देखि ३० गरी तीन खण्डमा विभाजन गर्न सकिन्छ । धारा १ देखि ५ सम्म महासन्धिमा प्रयोग हुने साझा अवधारणाहरु जस्तै अविभेदको सिद्धान्त, राष्ट्रको उत्तरदायित्वको सिद्धान्त, सारभूत समानताको सिद्धान्त र लैङ्गिक पूर्वाग्रही भूमिका परिवर्तनका सम्बन्धमा व्यवस्था गरिएको छ । महासन्धिको धारा ६ देखि १६ सम्ममा महिलाका विभिन्न विशिष्ट अधिकारहरुको सम्बन्धमा व्यवस्था गरिएको छ । यस्तै महासन्धिको धारा १७ देखि ३० सम्म महासन्धिको कार्यान्वयन सम्बन्धी कार्यविधिहरुबारे उल्लेख गरिएको छ ।

महिला विरुद्ध भेदभाव उन्मूलन समिति (CEDAW Committee)

महिला महासन्धिको धारा १७ मा महासन्धिको कार्यान्वयनको अनुगमन गर्न "महिला विरुद्ध भेदभाव उन्मूलन समिति" को व्यवस्था गरिएको छ । समितिले मुख्य रुपमा पक्ष राष्ट्रले पेश गर्ने प्रतिवेदनहरुको समिक्षा मार्फत महासन्धि अन्तर्गतका दायित्वहरु पक्ष राष्ट्रले परिपालन गरे/नगरेको परीक्षण गर्ने कार्य गर्दछ । संयुक्त राष्ट्र संघको महासभाद्वारा महासन्धिको इच्छाधिन आलेख (Optional Protocol) पारित भई लागू भएपछि समितिको कार्यक्षेत्र विस्तार भएको छ । समितिले इच्छाधिन आलेख अन्तर्गत पर्न आउने उजुरी समेत हेर्ने काम गर्दछ । समितिमा उच्च नैतिक मर्यादा तथा क्षमता भएका महासन्धिले समेटेका क्षेत्रका विशेषज्ञहरुमध्येबाट २३ जना रहने व्यवस्था छ । यी विशेषज्ञहरु समानुपातिक भौगोलिक वितरण पद्धति तथा भिन्न-भिन्न सभ्यता तथा कानून प्रणालीको प्रतिनिधित्व हुने गरी पक्ष राष्ट्रहरुले आ-आफ्ना नागरिकहरुबाट उम्मेदवार मनोनित गरी ती उम्मेदवारहरु मध्येबाट निर्वाचन गरी समिति गठन गर्ने व्यवस्था छ । तर निर्वाचित समितिका सदस्यहरुले आफ्नो राष्ट्रको प्रतिनिधित्व नगरी व्यक्तिगत हैसियतमा कार्य गर्दछन् ।

प्रतिवेदनसम्बन्धी दायित्व (Reporting Obligation)

महिला महासन्धिका पक्ष राष्ट्रहरु महिला महासन्धिअन्तर्गत सिर्जित दायित्वहरु कार्यान्वयन गर्न उत्तरदायी हुन्छन् र प्रतिवेदन पेश गर्छन् । पक्ष राष्ट्रहरुले पेश गरेको प्रतिवेदनमा महासन्धि अन्तर्गतको उत्तरदायित्वहरुको प्रभावकारी रुपमा कार्यान्वयन गरे/नगरेको हेर्ने संयन्त्रको रुपमा महिला विरुद्ध भेदभाव उन्मूलन समिति रहेको छ ।

समितिले प्रतिवेदनमार्फत महासन्धि अन्तर्गत पक्ष राष्ट्रले दायित्व पालन गरे/नगरेको मूल्याङ्कन गर्ने, सम्बन्धित राष्ट्रिय कानून, प्रशासकीय नियम, कार्यविधिहरु र नीतिहरुको विश्लेषण गरी तिनीहरु महिला महासन्धिले कायम गरेको मापदण्ड अनुरुप रहे नरहेको समीक्षा गर्ने तथा महासन्धिको प्रत्येक धारासँग सम्बन्धित वास्तविक अवस्थाबारे जानकारी प्राप्त गर्ने कार्य गर्दछ ।

महिला महासन्धिका पक्ष राष्ट्रहरूले समितिमा दुईप्रकारका प्रतिवेदनहरू पेश गर्नु पर्दछ, जुन यस प्रकार छन्:

प्रारम्भिक प्रतिवेदन	आवधिक प्रतिवेदन
पक्ष राष्ट्रले महासन्धि अनुमोदन गरेको एक वर्षपछि महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समितिसमक्ष पेश गर्नुपर्ने प्रतिवेदनलाई प्रारम्भिक प्रतिवेदन भनिन्छ ।	पक्ष राष्ट्रले प्रारम्भिक प्रतिवेदन पेश गरेपछि प्रत्येक चार/चार वर्षमा महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समितिसमक्ष पेश गर्नुपर्ने प्रतिवेदनलाई आवधिक प्रतिवेदन भनिन्छ ।

नेपालले हालसम्म पेश गरेको प्रतिवेदनहरु (Reports Submitted by Nepal Till Date)

नेपालले महिला महासन्धिलाई २२ अप्रिल १९९१ मा र महिला महासन्धिको इच्छाधिन आलेखलाई १५ जुन २००७ मा कुनै आरक्षण बिना अनुमोदन गरिसकेको छ । महासन्धिको अनुमोदन पश्चात् नेपालले यस अन्तर्गतको आफ्नो प्रारम्भिक प्रतिवेदन १९९७ मा महिला विरुद्ध भेदभाव उन्मूलन समिति समक्ष बुझाएको थियो । उक्त प्रतिवेदन नेपालले समितिको ४३४ औ र ४३८ औ सत्रमा १९९९ जनवरीमा प्रस्तुत गरेको थियो । महासन्धि अन्तर्गतको दोश्रो तथा तेश्रो संयुक्त आवधिक प्रतिवेदन अक्टोबर २००२ मा समिति समक्ष बुझाएकोमा उक्त प्रतिवेदन नेपालले समितिको ६३०औं र ६३१औ सत्रमा २००४ जनवरीमा प्रस्तुत गरेको थियो । यसैगरी नेपालले महासन्धि अन्तर्गतको चौथो तथा पाँचौ संयुक्त आवधिक प्रतिवेदन २००९ मा समिति समक्ष बुझाई समितिको ९८९औं र ९९०औ सत्रमा २० जुलाई २०११ मा प्रस्तुत गरेको थियो । नेपालले छैठौं आवधिक प्रतिवेदन समिति समक्ष २०१७ मा बुझाई उक्त प्रतिवेदन उपर नोभेम्बर २३, २०१८ का दिन भएको १६३१औं र १६३२ औं बैठकमा प्रस्तुत गरेको थियो । नेपालले आफ्नो पछिल्लो सातौं आवधिक प्रतिवेदन २०२३ मा पेश गरेको थियो । नेपालले फेब्रुअरी ५, २०२५ मा आयोजित समितिको २१२२ औं र २१२३ औं बैठकहरुमा नेपालको सातौं आवधिक प्रतिवेदन प्रस्तुत गरेको थियो।

निष्कर्षात्मक टिप्पणी (Concluding Comments)

महिला विरुद्ध भेदभाव उन्मूलन समितिले पक्ष राष्ट्रले महिला महासन्धि अन्तर्गत पेश गर्ने प्रारम्भिक तथा आवधिक प्रतिवेदनहरुको विश्लेषण गरी प्रतिवेदनमाथि गर्ने टिप्पणीलाई निष्कर्षात्मक टिप्पणी भनिन्छ । निष्कर्षात्मक टिप्पणी हरेक पक्ष राष्ट्र तथा त्यसले प्रस्तुत गरेको प्रतिवेदनमा आधारित रहेको हुन्छ । समितिले निष्कर्षात्मक टिप्पणीमा पक्ष राष्ट्रमा महिला महासन्धि अन्तर्गतको उत्तरदायित्व कार्यान्वयनमा रहेका सकारात्मक पहलको प्रशंसा गर्ने, कमी कमजोरी तथा अभावहरूलाई औंल्याउने तथा महासन्धि अन्तर्गतका दायित्वहरू पालना गर्न आवश्यक सुझावहरू दिने गर्दछ । निष्कर्षात्मक टिप्पणी महासन्धिमा आधारित हुने तथा यसको प्रक्रिया पनि महासन्धिले नै निर्धारण गरेको हुनाले महासन्धिका पक्ष राष्ट्रहरू त्यस्ता निष्कर्षात्मक टिप्पणीलाई परिपालन गर्न उत्तरदायी हुन्छन् ।

संयुक्त राष्ट्र संघीय महिला विरुद्धको भेदभाव उन्मूलन समितिको

नेपालको सातौँ आवधिक प्रतिवेदन सम्बन्धी निष्कर्षात्मक टिप्पणीहरू*

१. समितिले फेब्रुअरी ५, २०२५ मा आयोजित आफ्नो २१२२ औँ र २१२३ औँ बैठकहरू (CEDAW/C/SR.2122 र CEDAW/C.SR. 2123 हेर्नुहोस्) मा नेपालको सातौँ आवधिक प्रतिवेदन (CEDAW/C/NPL/7) माथि विचार-विमर्श गऱ्यो। समितिको सत्र पूर्वका (प्रि-सेशनल) कार्यसमूहले उठाएका विषय र प्रश्नहरूको सूची CEDAW/C/NPL/Q/7 मा समावेश गरिएको छ, र नेपालले दिएका जवाफहरू CEDAW/C/NPL/RQ/7 मा उल्लेख गरिएका छन्।

क. परिचय

२. समितिले पक्ष राष्ट्रद्वारा प्रस्तुत गरिएको सातौँ आवधिक प्रतिवेदनको प्रशंसा गर्दछ। समितिको अघिल्लो निष्कर्षात्मक टिप्पणीहरू (CEDAW/C/NPL/FCO/6) मा पक्ष राष्ट्रको प्रगति/फलो-अप प्रतिवेदन र समितिको सत्र पुर्वका कार्यसमूहले उठाएका विषयहरू र प्रश्नहरूको सूची उपर पक्ष राष्ट्रको लिखित जवाफहरूको समेत यसले प्रशंसा गर्दछ। यसले प्रतिनिधिमण्डलको मौखिक प्रस्तुति तथा समितिद्वारा संवादको क्रममा मौखिक रूपमा सोधिएका प्रश्नहरूमा स्पष्ट गरी दिएको जवाफको लागि स्वागत गर्दछ।

३. समितिले पक्ष राष्ट्रलाई यसको उच्चस्तरीय प्रतिनिधिमण्डलको लागि प्रशंसा व्यक्त गर्दछ, जसको नेतृत्व महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साह सुडीले गर्नुभयो, र जसमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रतिनिधिहरू, साथै राजदूत तथा स्थायी प्रतिनिधि रामप्रसाद सुवेदी र संयुक्त राष्ट्र सङ्घ कार्यालय तथा जेनेभास्थित अन्य अन्तर्राष्ट्रिय सङ्गठनहरूका लागि नेपालको स्थायी नियोगका अन्य प्रतिनिधिहरू सहभागी भएका थिए।

ख. सकारात्मक पक्षहरू

४. समितिले सन् २०१८ मा पक्ष राष्ट्रको अघिल्लो प्रतिवेदन (CEDAW/C/NPL/6) लाई विचार गरेपश्चात विधायिकी सुधारहरू गर्ने सम्बन्धमा हासिल भएको प्रगति, विशेषत: देहायका लिखित स्वीकृतिहरूलाई, स्वागत गर्दछ:

(क) वि. सं. २०८१ मा जारी भएको मधेश प्रदेश सरकारको बालिका संरक्षण र सशक्तीकरण ऐन;

(ख) वि.सं. २०७९ मा जारी भएको नेपाली महिलाका र बुबा पहिचान नभएको सन्तानलाई वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्षम बनाउँदै नेपाल नागरिकता ऐन, २०७९ मा भएको संशोधन;

(ग) वि.सं २०७८ मा जारी भएको मानव अधिकारकर्मीको सुरक्षा र संरक्षण सम्बन्धी आदेश;

(घ) वि. सं. २०७५ मा जारी भएको अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन ।

* समितिद्वारा यसको ९०औँ अधिवेशन (३-२१ फेब्रुअरी २०२५) मा स्वीकृत।

५. समितिले महिला विरुद्धको भेदभाव उन्मूलन र लैङ्गिक समानता प्रवर्द्धन गर्न लक्षित आफ्नो संस्थागत तथा नीतिगत संरचना सुधार गर्ने पक्ष राष्ट्रका प्रयास, जस्तै: देहायका लिखित स्वीकृतिहरूको, स्वागत गर्दछ:

(क) वि. सं. २०८० मा जारी भएको; राष्ट्रिय लैङ्गिक समानता नीति कार्यान्वयन कार्ययोजना,

(ख) वि. सं. २०८० मा जारी भएको घरेलु कामदारहरूको औपचारिकीकरणको लागि बि.सं २०८० - २०८२ को औपचारिकीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना;

(ग) वि. सं. २०७७ मा जारी भएको राष्ट्रिय लैङ्गिक समानता नीति;

(घ) वि. सं. २०७८ मा जारी भएको विभेदपुर्ण लिङ्ग छनौट अन्त्यका लागि राष्ट्रिय रणनीति (२०७८-२०८८);

(ङ) वि. सं. २०७८ मा जारी भएको सुरक्षित मातृत्व र नवजात शिशु स्वास्थ्य मार्गचित्र (रोडम्याप);

(च) वि. सं. २०७८ मा जारी भएकोज्येष्ठ नागरिक (जेरियाट्रिक) स्वास्थ्य क्षेत्र रणनीति;

(छ) वि. सं. २०७६ मा जारी भएको एकीकृत कानूनी सहायता नीति;

(ज) वि. सं. २०७५ मा जारी भएको विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना;

(झ) वि. सं. २०७५ मा जारी भएको विपद् जोखिम न्यूनीकरणको लागि राष्ट्रिय नीति।

ग. दिगो विकासका लक्ष्यहरू

६. समितिले दिगो विकास लक्ष्यहरूको लागि अन्तर्राष्ट्रिय समर्थनलाई स्वागत गर्दछ र दिगो विकासको लागि सन् २०३० को एजेन्डा कार्यान्वयन गर्ने प्रक्रियाभरि महासन्धिको प्रावधानहरू अनुसार कानूनी (डि जुरे) र बास्तविक (डि फ्याक्टो) लैङ्गिक समानताको प्राप्तिको लागि आह्वान गर्दछ। समितिले लक्ष्य ५ को महत्त्व र सबै १७ लक्ष्यहरूमा समानता र भेदभावरहित सिद्धान्तहरूको मूलप्रवाहीकरणको महत्त्वलाई स्मरण गराउँछ। समितिले पक्ष राष्ट्रलाई पक्ष राष्ट्रको दिगो विकासको डोऱ्याउने शक्ति (ड्राइभिङ्ग फोर्स) को रूपमा महिलालाई मान्यता दिन र सोही अनुसार सान्दर्भिक नीति तथा रणनीतिहरू अपनाउन आग्रह गर्दछ।

घ. संसद

७. समितिले महासन्धिको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न विधायिकी शक्तिको निर्णायक भूमिकालाई जोड दिन्छ (हेर्नुहोस् A/६५/३८, भाग दुई, अनुसूची VI)। यसले सङ्घीय संसदलाई आफ्नो कार्यादेश अनुसार, हाल र महासन्धि अन्तर्गतको आगामी आवधिक प्रतिवेदन पेश गर्नुपर्ने समयावधिभित्रमा वर्तमान निष्कर्षात्मक टिप्पणीहरूको कार्यान्वयन सम्बन्धमा आवश्यक कदमहरू चाल्न आमन्त्रण गर्दछ।

ङ. प्रमुख सरोकारका क्षेत्रहरू र सिफारिसहरू

महासन्धि, यसको ऐच्छिक प्रोटोकल र समितिका सामान्य सिफारिसहरूको दृश्यता

८. समितिले सर्वोच्च अदालतका १२१ वटा निर्णयहरू, आदेशहरू र निर्देशनहरूमा महासन्धिलाई सान्दर्भिक गरिएको कुराको प्रशंसाका साथ उल्लेख गर्दछ। तर, विशेषत: ग्रामीण महिला, आदिवासी महिला, दलित महिला र अपाङ्गता भएका महिलाको महासन्धि अन्तर्गतका आफ्ना अधिकारहरू र सो अधिकार उल्लंघन भएको अवस्थामा उपलब्ध हुने उपचारका उपायहरूबारे निजहरू अनविज्ञ रहेको विषयप्रति समिति चिन्तित रहेको छ। समिति तथा अन्य मानवअधिकार संयन्त्रहरूले गरेका सिफारिसहरूको कार्यान्वयनको लागि व्यापक संयन्त्रको अभाव रहेकोमा समेत समिति चिन्तित रहेको छ।

९. समितिले पक्ष राष्ट्रलाई देहायको सिफारिस गर्दछः-

(क) महासन्धि अन्तर्गत महिलाका अधिकारहरू तथा ती अधिकारहरूको उल्लङ्घनको दाबी गर्न उपलब्ध कानूनी उपचारबारे महिलामा जागरूकता अभिवृद्धि गर्ने, साथै महासन्धि, इच्छाधिन आलेख र समितिका सामान्य सिफारिसहरूको जानकारी सबै महिलाका लागि पहुँचयोग्य ढाँचामा उपलब्ध हुने सुनिश्चित गर्ने;

(ख) सूचना अभियानहरू, नागरिक समाजसँगको सहकार्य, सूचना, सञ्चार तथा प्रविधि (आई.सि.टि.) को प्रयोग तथा सञ्चार माध्यमसँगको सहकार्यमार्फत महासन्धि, इच्छाधिन आलेख र समितिका सामान्य सिफारिसहरूको व्यापक प्रचार-प्रसार गर्ने;

(ग) संलग्नता, समन्वय, परामर्श र सूचना व्यवस्थापनका चार प्रमुख क्षमताहरूलाई ध्यानमा राख्दै प्रतिवेदन पेश गर्ने, कार्यान्वयन गर्ने र त्यसको ताकेता (फलो-अप) का लागि राष्ट्रिय संयन्त्र स्थापना गर्ने, र महिलाका अधिकार तथा लैङ्गिक समानता प्रवर्द्धन गर्ने नागरिक समाज सङ्गठनहरूसँग सो संयन्त्रको कार्यमा परामर्श सुनिश्चित गर्ने।

संवैधानिक तथा विधायिकी व्यवस्था

१०. पक्ष राष्ट्रमा अन्तरसम्बन्धित विभेदको सामना गरिरहेका विपन्न र सीमान्तकृत महिला समूहहरू विशेषतः ग्रामीण, वृद्ध, आदिवासी, दलित, अपाङ्गता भएका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक महिलाहरू (लेस्बियन, बाईसेक्सुअल, ट्रान्सजेन्डर र इन्टरसेक्स); एकल महिला, धार्मिक अल्पसङ्ख्यक समुदायका महिला, मधेसी महिला तथा शरणार्थी र आप्रवासी महिलाको संरक्षणका लागि समग्र र प्रभावकारी भेदभाव विरुद्धको कानूनको अभाव रहेकोमा समिति चिन्तित रहेको छ। समिति विशेष अवसरसम्बन्धी विधेयक लामो समयसम्म स्वीकृत नभएको विषयमा समेत चिन्तित छ।

११. समितिले आफ्नो अघिल्लो सिफारिस (CEDAW/C/NPL/CO/1, परिच्छेद ९) दोहोऱ्याउँदै पक्ष राष्ट्रलाई देहायको सिफारिस गर्दछः-

(क) विशेष अवसर विधेयकको स्वीकृतिलाई तीव्रता दिनेर उक्त विधेयकले महासन्धिको धारा १ र २, समितिको सामान्य सिफारिस नं. २८ (सन् २०१०) मा उल्लिखित महासन्धिको धारा २ बमोजिमको पक्ष राष्ट्रहरूको मूल दायित्वहरू, र दिगो विकास लक्ष्य ५.१ मा विश्वभर सबै महिला र बालिका विरुद्ध हुने सबै प्रकारका विभेद अन्त्य गर्ने लक्ष्य अनुसार सार्वजनिक र निजी क्षेत्रहरूमा हुने प्रत्यक्ष तथा अप्रत्यक्ष विभेद तथा अन्तरसम्बन्धित विभेदका सबै प्रकारहरूलाई समेटेको सुनिश्चित गर्ने;

(ख) उमेर, राष्ट्रियता, जातीयता, अपाङ्गता र सामाजिक-आर्थिक अवस्थाका आधारमा वर्गीकृत गरी महिला विरुद्धको भेदभावसम्बन्धी तथ्याङ्क सङ्कलन गर्न एक समग्र प्रणाली स्थापना गर्ने।

न्यायमा पहुँच

१२. समितिले एकीकृत कानूनी सहायता नीति र संस्थागत सुधार परियोजनामार्फत न्यायमा पहुँच वृद्धि कार्यक्रम कार्यान्वयन गर्न पक्ष राष्ट्रको प्रयास, दलितहरूको न्यायमा पहुँच वृद्धिको लागि १७५ दलित डेस्कको स्थापना भएको कुरालाई जानकारीमा लिएको छ। यद्यपि, यसले देहायका विषय सरोकारका साथ जानकारीमा लिएको छः

(क) विशेषतः बञ्चित तथा सीमान्तकृत समूहका महिला र बालिकाहरू जस्तै, महिला यौनकर्मी, दलित महिला, आदिवासी महिला, अपाङ्गता भएका महिला र आप्रवासी महिलाहरूको लागि न्यायमा पहुँच निरन्तर अवरोधहरू रहेका छन् जसमा लाञ्छना, प्रतिशोधको त्रास, गहिरो-जरा गाडेको विभेदपूर्ण लैङ्गिक रूढीवादी धारणा, सीमित कानूनी साक्षरता, र कानूनी लागतहरू समावेश छन्;

(ख) लैङ्गिक-उत्तरदायी कानूनी सहायता प्रणालीको अभाव, साथै न्यायपालिका र कानून कार्यान्वयन गर्ने निकायका अधिकारीहरूका लागि महासन्धि र सान्दर्भिक राष्ट्रिय कानूनी प्रावधानहरूको अपर्याप्त क्षमता विकास।

१३. महिलाको न्यायमा पहुँच सम्बन्धी आफ्नो सामान्य सिफारिस नं. ३३ (सन् २०१५) लाई स्मरण गर्दै, समितिले पक्ष राष्ट्रलाई देहायको सिफारिस गर्दछ:

(क) विशेषत: ग्रामीण महिला र विपन्न तथा सीमान्तकृत समूहका महिलालाई सुलभ वा आवश्यक भएमा नि:शुल्क कानूनी सहायता सेवाहरूमा पहुँच सुनिश्चित गर्ने;

(ख) महिला र बालिकाहरू, विशेषत: बञ्चित समूहका महिलाहरूलाई महासन्धिअन्तर्गतका आफ्ना अधिकार र ती अधिकार प्राप्त गर्न उपलब्ध रहेका उपचार बारे जानकारी अभिवृद्धि गर्ने कार्यमा नागरिक समाजका संस्थाहरूसँगको सहकार्यमा महिलाहरूको न्यायमा पहुँचलाई रोक्ने वा पहुँचलाई सीमित गर्ने अवरोधहरू, विशेषत: आदिवासी महिला र अपाङ्गता भएका महिलाद्वारा सामना गरिने अवरोधहरू सम्बोधन गर्न, आदिवासी भाषामा व्याख्या र पहुँचमा सहजता ल्याउने उपायहरू जस्तै उचित समायोजन, प्रक्रियागत समायोजन र समर्थित निर्णय प्रक्रिया प्रदान गर्ने कार्यलाई सहजीकरण गर्ने।

(ग) न्यायपालिका र कानून कार्यान्वयन गर्ने निकायका अधिकारीहरूलाई महिलाका मानवअधिकार र लैङ्गिक संवेदनशील सोधपुछ तथा अनुसन्धान विधिबारे तालिम प्रदान गर्ने, न्यायिक प्रक्रियामा हुने लैङ्गिक पूर्वाग्रहको समाधान गर्ने, र महिलाको न्यायसम्म पहुँच प्रवर्द्धनमा यस्ता तालिमहरूको प्रभावको मूल्याङ्कन गरी त्यसमा निरन्तर सुधारको सुनिश्चित गर्ने।

महिला र शान्ति तथा सुरक्षा र सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू

१४. समितिले सुरक्षा परिषद्को प्रस्ताव १३२५ (सन् २०००) र १८२० (सन् २००८) को कार्यान्वयनका लागि दोस्रो राष्ट्रिय कार्ययोजना (वि.सं. २०७९ -२०८२) अपनाइएकोमा, विशेष गरी द्वन्द्वको क्रममा यौन हिंसामा परेका पीडितलाई केन्द्रमा राखिएकोमा प्रशंसा व्यक्त गर्दै जानकारीमा लिएको छ। यसले सन् २०२४ मा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक जारी गरिएको कुरालाई पनि जानकारीमा लिएको छ। तथापि, यसले देहायका विषयहरूलाई सरोकारका साथ उल्लेख गर्दछ:

(क) सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा कुनै पनि अध्यक्ष वा सदस्य नियुक्त गरिएको छैन, जसले गर्दा दुई सङ्क्रमणकालीन न्याय संयन्त्रहरूलाई आफ्नो कार्यादेश पूरा गर्नबाट रोक लागेको छ;

(ख) सशस्त्र द्वन्द्वका पीडित महिला र बालिकाहरूको लागि क्षतिपूर्तिको अभाव, जसमा विधवा, बेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यहरू र जबरजस्ती करणी र अन्य प्रकारका यौन हिंसाका पीडितहरू समावेश छन्;

(ग) महिला र शान्ति तथा सुरक्षा एजेन्डासँग सम्बन्धित प्रक्रियाहरूमा महिलाको न्यून प्रतिनिधित्व;

(घ) मानव, प्राविधिक र वित्तीय स्रोत साधनको अभावका कारण दोस्रो राष्ट्रिय कार्ययोजनाको सीमित कार्यान्वयन।

१५. द्वन्द्व रोकथाम, द्वन्द्व र द्वन्द्वपछिका परिस्थितिहरूमा महिलासम्बन्धी आफ्ना सामान्य सिफारिस नं. ३० (सन् २०१३) तथा अघिल्लो सिफारिस (CEDAW/C/NPL/CO/6, परिच्छेद २३) स्मरण गर्दै, समितिले पक्ष राष्ट्रलाई महिला नागरिक समाज सङ्गठनहरूको प्रतिनिधिहरूसँगको सहकार्यमा महिला, शान्ति र सुरक्षासम्बन्धी सुरक्षा परिषद्को प्रस्ताव १३२५ (सन् २०००) को कार्यान्वयनका लागि दोस्रो राष्ट्रिय कार्ययोजनाको प्रभावकारी

कार्यान्वयन सुनिश्चित गर्न सिफारिस गर्दछ । प्रस्ताव १३२५ (सन् २०००) तथा त्यसपछिका प्रस्तावहरूमा प्रतिबिम्बित परिषद्को महिला, शान्ति तथा सुरक्षा सम्बन्धी कार्यसूचीको सम्पूर्ण आयामलाई ध्यानमा राख्दै, महिलाका जीवनका सबै पक्षमा विद्यमान, अन्तरसम्बन्धित भेदभाव समेत समावेश भएको लैङ्गिक हिंसा र भेदभावलाई सम्बोधन गर्ने सारवान समानताको नमूना अवलम्बन गर्ने; विशेषत:,-

(क) सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा स्वतन्त्र, निष्पक्ष र सक्षम सदस्यहरू नियुक्त गर्ने प्रक्रिया पारदर्शी र विश्वसनीय बनाउने तथा प्रभावित समुदायहरूको विविधता प्रतिबिम्बित गर्न बञ्चित पारिएका र सिमान्तकृत समूहका महिलाको समेत समान प्रतिनिधित्व सुनिश्चित गर्ने;

(ख) अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घनका पीडितहरूको उपचार र परिपूरणको अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मार्गदर्शनहरू अनुरूप, सशस्त्र द्वन्द्वका पीडित महिला र बालिकाको पूर्ण र प्रभावकारी क्षतिपूर्तिमा पहुँच सुनिश्चित गर्ने;

(ग) महिला र शान्ति तथा सुरक्षासँग सम्बन्धित सबै प्रक्रियाहरूमा विशेषत: सम्बन्धित राष्ट्रिय कार्ययोजनाहरूको स्वीकृति, कार्यान्वयन र मूल्याङ्कनको सन्दर्भमा महिलाको अर्थपूर्ण र समावेशी सहभागिता सुनिश्चित गर्ने।

महिलाको उन्नतिको लागि राष्ट्रिय संयन्त्र

१६. वि.सं. २०८० मा जारी राष्ट्रिय लैङ्गिक समानता नीति कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजना लागु गरिएको र वि.सं. २०७८ मा राष्ट्रिय महिला आयोगमा आयुक्तहरूको नियुक्तिलाई समितिले जानकारीमा लिएको छ। यद्यपि, यसले सरोकारका साथ देहायका विषयहरूलाई उल्लेख गर्दछ:

(क) राष्ट्रिय लैङ्गिक समानता नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न लिइएका उपायहरू, लैङ्गिक-उत्तरदायी बजेटको प्रयोग, र सबै सरकारी विभागहरूमा अन्तरसम्बन्धित दृष्टिकोणसहित लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी जानकारीको अभाव;

(ख) राष्ट्रिय महिला आयोगसँग विशेषत: दुर्गम र ग्रामीण क्षेत्रहरूको उजुरीहरूको विचार गर्ने लगायतका आफ्नो कार्यादेश प्रभावकारी रूपमा पूरा गर्न आवश्यक स्रोतहरूको अभाव छ।

१७. समितिले पक्ष राष्ट्रलाई देहायको सिफारिस गर्दछ:

(क) राष्ट्रिय लैङ्गिक समानता नीति तथा यसको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका लागि पर्याप्त मानवस्रोत, प्राविधिक तथा वित्तीय स्रोतहरूको व्यवस्था गर्नुपर्ने, साथै तिनको प्रभावको नियमित रूपमा अनुगमन र मूल्याङ्कन गर्नुपर्ने;

(ख) राष्ट्रिय महिला आयोगको कार्यादेश थप सुदृढ पार्न, प्रदेशस्तरमा कार्यालय स्थापना गरी, महिलाको उन्नति र लैङ्गिक समानताका लागि सबै सार्वजनिक नीति तथा रणनीतिहरूको समन्वय गर्न पर्याप्त मानवस्रोत, प्राविधिक र वित्तीय स्रोतहरू प्रदान गर्नुपर्ने, जसमा लैङ्गिक-उत्तरदायी बजेटिङ पनि समावेश छ। साथै राष्ट्रिय महिला आयोग र स्थानीय प्रशासन तथा नागरिक समाज, विशेष गरी महिला अधिकार सङ्गठनहरूबीच सहकार्य वृद्धि गरी लैङ्गिक समानताको संरचनालाई थप मजबुत बनाउनुपर्ने;

(ग) बञ्चित समूहहरूलाई लक्षित सार्वजनिक समानता तथा भेदभाव रहित नीतिहरूको परिभाषा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा अपाङ्गता, आदिवासी वा दलित स्थिति, यौन झुकाव, लैङ्गिक पहिचान र आप्रवासी स्थिति जस्ता पहिचानसम्बन्धी विविध अवस्थाहरूमा रहेका महिलाका सन्दर्भमा लैङ्गिकता र विविधतालाई समेट्ने अन्तरसम्बन्धित दृष्टिकोण अवलम्बन गर्नुपर्ने।

राष्ट्रिय मानव अधिकार संस्था

१८. समितिले नेपालको राष्ट्रिय मानव अधिकार आयोगलाई वि.सं. २०८० मा राष्ट्रिय मानव अधिकार संस्थाहरुको विश्वव्यापी गठबन्धनद्वारा "क" दर्जाको पुन: मान्यता प्रदान गरिएको कुरालाई प्रशंसा गर्दछ। यद्यपि, समितिले पक्ष राष्ट्रद्वारा राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरुको सीमित कार्यान्वयनलाई सरोकारको रुपमा जानकारीमा लिएको छ।

१९. समितिले पक्ष राष्ट्रलाई राष्ट्रिय मानव अधिकार संस्थाहरुको विश्वव्यापी गठबन्धन (GANHRI) का सिफारिसहरु कार्यान्वयन गर्न, राष्ट्रिय मानव अधिकार आयोगलाई प्रभावकारी र स्वतन्त्र रुपमा आफ्नो कार्यादेश निर्वाह गर्न र मानव अधिकारको प्रवर्द्धन तथा संरक्षणका लागि राष्ट्रिय संस्थाहरुको स्थिति सम्बन्धी सिद्धान्तहरु (पेरिस प्रिन्सिपल) अनुसारपर्याप्त मानवीय, प्राविधिक र वित्तीय स्रोतहरु उपलब्ध गराउन सिफारिस गर्दछ। साथै, समितिले पक्ष राष्ट्रलाई आयोगका सिफारिसहरुको पालना गर्न र सो सम्बन्धमा संयुक्त राष्ट्र सङ्घको मानव अधिकार उच्चायुक्तको कार्यालयबाट प्राविधिक सहयोग प्राप्त गर्न सिफारिस गर्दछ।

अस्थायी विशेष उपायहरु

२०. शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा प्रणालीमा महिलाहरुका लागि "विशेष अवसरहरु" सम्बन्धी संवैधानिक प्रावधानहरु भए तापनि, अस्थायी विशेष उपायहरु सम्बन्धी कुनै विशिष्ट कानून जारी नभएको र त्यस्ता "विशेष अवसरहरु" को प्रयोग "सामाजिक वा सांस्कृतिक रुपमा पछाडि परेका महिला" मा मात्र सीमित रहेको विषयमा समिति चिन्तित रहँदै आएको छ। समिति विशेषत: देहायका विषयहरुमा चिन्तित छ:-

(क) आदिवासी महिला, अपाङ्गता भएका महिला, दलित महिला, धार्मिक अल्पसङ्ख्यक समुदायका महिला, आप्रवासी महिला तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक महिलाहरु (लेस्वियन, बाईसेक्सुअल, ट्रान्सजेन्डर र इन्टरसेक्स) लगायतका बञ्चित महिला समूहहरुको अर्थपूर्ण सहभागिता हुने उपायहरुको विकास र कार्यान्वयन सुनिश्चित गर्न सबै क्षेत्रहरुमा, विशेष गरी राजनीतिक तथा सार्वजनिक जीवनमा निर्णय लिने तहमा अन्तरसम्बन्धित दृष्टिकोण लागू गर्न आवश्यक अस्थायी विशेष उपायहरु र पर्याप्त संयन्त्रहरुको अभाव;

(ख) महिला र पुरुषबीच सारभूत समानता हासिल गर्नका लागि विशेष गरी रोजगारी र राजनीतिक जीवनमा अवलम्बन गरिएका अस्थायी विशेष उपायहरुको प्रभाव सम्बन्धी वर्गीकृत तथ्याङ्कको अभाव।

२१. महासन्धिको धारा ४(१) र अस्थायी विशेष उपायहरु सम्बन्धी समितिको सामान्य सिफारिस नं. २५ (सन् २००४) अनुरुप, समितिले आफ्नो अघिल्लो सिफारिस (CEDAW/C/NPL/CO/6, परिच्छेद १७) दोहो-याउँदै पक्ष राष्ट्रलाई देहायको सिफारिस गर्दछ:

(क) विशेष अवसर ऐनको मस्यौदालाई यथाशीघ्र स्वीकृत गर्ने र राजनीतिक तथा सार्वजनिक जीवनमा महिलाको लागि निर्वाचन आचारसंहिता संशोधन गरी निर्वाचित र नियुक्त निकायहरुमा महिला प्रतिनिधित्वको लागि समानता कोटा, पहुँच र समर्थन कार्यक्रमहरु, र महिला उम्मेदवारहरुको प्राथमिकता साथ पदपूर्ति र पदोन्नति जस्ता अस्थायी विशेष उपायहरु लागू गर्ने;

(ख) विशेषत: आदिवासी महिला, अपाङ्गता भएका महिला, दलित महिला, धार्मिक अल्पसङ्ख्यकमा पर्ने महिला, आप्रवासी महिला तथा ग्रामीण, वृद्ध, आदिवासी, दलित, अपाङ्गता भएका , लैङ्गिक तथा यौनिक अल्पसंख्यक महिलाहरु (लेस्वियन, बाईसेक्सुअल, ट्रान्सजेन्डर र इन्टरसेक्स)जस्ता अन्तरसम्बन्धित भेदभावको सामना गरिरहेका सबै महिला र बालिकाहरुका विशेष आवश्यकताहरुलाई अस्थायी विशेष उपायहरुको रुपमा निर्माण गरी त्यसलाई मान्यता दिने र यी उपायहरुको प्रभावकारिताको नियमित रुपमा मूल्याङ्कन गर्नका लागि संयन्त्रहरु स्थापना गर्ने;

(ग) अस्थायी विशेष उपायहरूको प्रभावका बारेमा प्रणालीगत रूपमा तथ्याङ्क सङ्कलन गर्ने र यस्ता तथ्याङ्कहरू आफ्नो आगामी आवधिक प्रतिवेदनमा समावेश गर्ने।

लैङ्गिक यथास्थितिवाद (स्टेरियोटाइप)

२२. समितिले सरोकारका साथ देहायका विषयहरू उल्लेख गर्दछ:

(क) परिवार र समाज, साथै सञ्चार माध्यमहरूमा समेत महिलालाई मुख्य रूपमा आमा र हेरचाहकर्ताको रूपमा हेर्ने, महिला र पुरुषहरूको भूमिका र जिम्मेवारीसँग सम्बन्धित पितृसत्तात्मक सोच र लैङ्गिक यथास्थितिवादको निरन्तरता;

(ख) वि.सं. २०७८ मा जारी भएको विभेदपुर्ण लिङ्ग छनौट अन्त्यका लागि राष्ट्रिय रणनीति लागु गरिएको भए तापनि, लिङ्ग-छनोट गर्भपतन तुलनात्मक रूपमा उच्च सङ्ख्यामा हुनु र महिलामाथि हुने सामाजिक दबाबले परिवार र समाजमा छोराप्रतिको प्राथमिकता र पुरुषको तुलनामा महिलालाई अधीनस्थ स्थितिमा राख्ने प्रवृत्तिलाई प्रतिबिम्बित गर्नुका साथै त्यसलाई कायम राखेको;

(ग) भेदभावपूर्ण लैङ्गिक रूढीवादी धारणा हटाउनका लागि समग्र रणनीतिको अभाव र लैङ्गिक-संवेदनशील भाषा प्रयोगसम्बन्धी सञ्चारकर्मीहरू तथा सार्वजनिक पदाधिकारीहरूको क्षमता अभिवृद्धिको अभाव।

२३. समितिले पक्ष राष्ट्रलाई देहायको सिफारिस गर्दछ:

(क) लिङ्ग-पहिचान गरी गर्भपतन गर्ने अभ्यास उन्मूलन गर्नका निम्ति विभेदपुर्ण लिङ्ग छनौट अन्त्यका लागि राष्ट्रिय रणनीति (वि.सं. २०७८) कार्यान्वयन गर्ने, लिङ्ग-छनोट गरी गर्भपतन गर्न दबाबमा पारिएका महिलाका लागि हेल्पलाइनसहितको सेवा स्थापना गर्ने र घरेलु तथा बाल हेरचाहको जिम्मेवारीमा समान साझेदारीका साथै जिम्मेवार पिताको भूमिका प्रवर्द्धन गर्न जनचेतना वृद्धि र पितृत्व वा अभिभावकीय बिदा लगायत लक्षित उपायहरू अबलम्बन गर्ने;

(ख) परिवार र समाजमा महिला र पुरुषहरूको भूमिका र जिम्मेवारी सम्बन्धी विभेदपूर्ण रूढीवादी धारणा हटाउन समुदाय र धार्मिक अगुवाहरू, शिक्षकहरू, बालिका र बालकहरू, महिला र पुरुषहरूलाई लक्षित गर्दै अनलाइन क्षेत्रसहितको समग्र रणनीति विकास गरी कार्यान्वयन गर्ने, साथै गरिएका रणनीतिक हस्तक्षेपहरूको प्रभावलाई प्रणालीगत रूपमा मापन गर्न लक्ष्य र सूचकहरू विकास गरी लागू गराउने;

(ग) सम्बन्धित सार्वजनिक पदाधिकारीहरू, सञ्चार माध्यमहरू तथा निजी क्षेत्रका प्रतिनिधिहरूलाई भेदभावपूर्ण लैङ्गिक यथास्थितिहरूको सम्बोधन गर्न सक्षम बनाउन लैङ्गिक-उत्तरदायी भाषा प्रयोगमार्फत क्षमता अभिवृद्धि गराउने तथा सञ्चार माध्यममा महिला विकासका सक्रिय चालकका रूपमा रहेको सकारात्मक सन्देश प्रवर्द्धन गर्ने।

हानिकारक अभ्यासहरू

२४. समितिले छाउपडी, दाइजो, बोक्सीको आरोप, जातीय भेदभाव र बालविवाह जस्ता हानिकारक अभ्यासहरूलाई स्पष्ट रूपमा अपराधीकरण गरिएको भए तापनि धेरै समुदायहरूमा महिलाको मानव अधिकारको उल्लङ्घनहरू कायम रहेको विषयहरू सरोकारका साथ जानकारीमा लिएको छ ।

२५. महिला विरुद्धको भेदभाव उन्मूलन समिति तथा बालअधिकार सम्बन्धी समितिको हानिकारक अभ्यासहरूबारे संयुक्त सामान्य सिफारिस नं. ३१/सामान्य टिप्पणी नं. १८ (सन् २०१९) स्मरण गरी समितिको अघिल्लो सिफारिस (CEDAW/C/NPL/CO/6, परिच्छेद १९) लाई ध्यानमा राख्दै, समितिले पक्ष राष्ट्रलाई छाउपडी, बालविवाह वा जबरजस्ती विवाह, जातीय भेदभाव, दाइजो, बहुविवाह र बोक्सीको आरोप लगायत हानिकारक अभ्यासहरूलाई

निषेध गर्ने राष्ट्रिय कानूनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुका साथै, यी अभ्यासहरूले महिला र बालिकाको मानवअधिकार उपभोगमा पर्ने नकारात्मक प्रभावका विषयमा परम्परागत र धार्मिक गुरु/अगुवाहरू तथा ती अभ्यासहरू हुने प्रचलित क्षेत्रहरूलाई लक्षित गरी सार्वजनिक जनचेतना र शिक्षा कार्यक्रमहरू सुदृढीकरण गर्न सिफारिस गर्दछ।

महिला विरुद्धको लैङ्गिक हिंसा

२६. पक्ष राष्ट्रमा घरेलु हिंसाको उच्च घटना र हिंसा भोगेका ७२ प्रतिशत महिलाले त्यस्तो हिंसालाई वैधानिक बनाउने भेदभावपूर्ण सामाजिक मान्यता र आफ्नो अधिकार, उपलब्ध उपचार र विशिष्टीकृत सेवाहरूको बारेमा चेतनाको अभावका कारण कहिल्यै सहयोग खोजेका छैनन् भन्ने विषयलाई समितिले सरोकारको साथ जानकारीमा लिएको छ। समितिले देहायका विषयहरूमा समेत सरोकार व्यक्त गर्दछः-

(क) मनोवैज्ञानिक हिंसा, प्रविधिको माध्यमबाट हुने हिंसा र जलवायु-प्रेरित (क्लाइमेट-इन्ड्यूस्ड) हिंसा सहित महिला विरुद्धको लैङ्गिक हिंसाका सबै रूपहरूलाई विशेष रूपमा अपराधीकरण गर्ने विस्तृत कानूनको अभाव तथा ग्रामीण महिला, वृद्ध महिला, अपाङ्गता भएका महिला र बालिकाहरू, आदिवासी महिला र बालिकाहरू, धार्मिक र जातीय अल्पसङ्ख्यामा पर्ने महिला र बालिकाहरू, आप्रवासी र शरणार्थी महिला र बालिकाहरू, लैङ्गिक तथा यौनिक अल्पसंख्यक महिलाहरू (लेस्बियन, बाईसेक्सुअल, ट्रान्सजेन्डर र इन्टरसेक्स) र यौनकर्मीहरू सहित अन्तरसम्बन्धित भेदभावको सामना गरिरहेका महिला र बालिकाको लागि लैङ्गिक हिंसाबाट अपर्याप्त सुरक्षा;

(ख) महिला र बालिकाले अनुभव गर्ने उच्च स्तरको प्रविधिको माध्यमबाट हुने हिंसा, जस्तै सामाजिक सञ्जालमा नक्कली प्रोफाइल, नक्कली जानकारी र तस्बिर र भिडियोहरूको अनुपयुक्त हेरफेर, साइबरबुलिङ र अनलाइन हिंसाका घटनाहरूको उजुरी गर्ने संयन्त्रको अभाव;

(ग) हालको हदम्यादले जबरजस्ती करणीका घटनाहरूमा जाहेरी दिन वयस्कलाई दुई वर्ष र नाबालिकहरूको हकमा वयस्कता प्राप्त गरेको मितिले तीन वर्षसम्मको छोटो अवधि तोकेको छ ।

२७. महिला विरुद्धको लैङ्गिक हिंसा सम्बन्धी आफ्नो सामान्य सिफारिस नं. ३५ (सन् २०१७) लाई स्मरण गर्दै सामान्य सिफारिस नं. १९ लाई अद्यावधिक गरी समितिले देहायको सिफारिस गर्दछः

(क) महिला र बालिका विरुद्ध हुने मनोवैज्ञानिक हिंसा, प्रविधिको माध्यमबाट हुने हिंसा र जलवायु-प्रेरित (क्लाइमेट-इन्ड्यूस्ड) हिंसा लगायतका लैङ्गिक हिंसाका सबै स्वरूपहरूको विशिष्टीकृत रूपमा अपराधीकरण गर्ने सुनिश्चित गर्दै ग्रामीण महिला, वृद्ध महिला, अपाङ्गता भएका महिला र बालिका, आदिवासी महिला र बालिका, धार्मिक र जातीय अल्पसङ्ख्यामा रहेका महिला र बालिका, आप्रवासी र शरणार्थी महिला र बालिका, यौनकर्मीहरू, र समलैङ्गिक, द्विलैङ्गिक, ट्रान्सजेन्डर र अन्तरलिङ्गी महिला लगायतका बञ्चित र सीमान्तकृत महिला समूहहरूको विशेष सुरक्षा आवश्यकताहरूलाई ध्यानमा राख्दै वृहत कानून स्वीकृत गर्ने;

(ख) लैङ्गिक हिंसालाइ सहज बनाउने नयाँ तरिकाहरू- साइबर आक्रमण, साइबर बुलिङ, साइबर बेचबिखन, सिन्थेटिक मिडिया, डीप फेकहरू र डक्सिङ लगायतलाई रोकथाम गर्न राष्ट्रिय नियमनकारी प्रक्रिया र पहिचान सम्बन्धी संयन्त्रहरू (इयू डिलिजेन्स् मेकानिजम) को कार्यान्वयनलाई सुदृढ पार्ने र प्रयोगकर्ता-सिर्जित सामग्रीको लागि सामाजिक सञ्जाल प्लेटफर्महरूलाई जवाफदेही बनाउने । अनलाइन हिंसा र उत्पीडनको दोषीहरूलाई न्यायको दायरामा ल्याउने संयन्त्रहरू पक्ष राष्ट्रमा रहेको सुनिश्चित गर्ने तथा साइबर अपराध विरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धि (सन् २०२४) लाई अनुमोदन गर्ने;

(ग) लैङ्गिक हिंसाबाट पीडित महिला र बालिकाहरूको लागि विशिष्टीकृत सेवाहरूको उपलब्धता सुनिश्चित गरी त्यस्ता सेवाहरू समावेशी, पहुँचयोग्य र ग्रामीण क्षेत्रमा उपलब्ध हुने प्रत्याभूत गर्ने;

(घ) यौन हिंसाका घटनाहरूको उजुरी गर्नको लागि हदम्याद खारेज गर्ने।

महिला बेचबिखन र वेश्यावृत्तिको शोषण

२८. समितिले सन् २०२० मा अन्तर्राष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिलाई परिपूरण गर्ने मानव बेचबिखन, विशेष गरी महिला तथा बालबालिकाको बेचबिखन रोक्ने, दबाउने र सजाय गर्ने प्रोटोकलको पक्ष राष्ट्रद्वारा अनुमोदन गरेकोलाई स्वागत गर्दछ। यसले प्रोटोकलसँग यसको प्रावधानहरू मिलाउन मानव बेचबिखन तथा ओसारपरसार (नियन्त्रण) ऐन सहित राष्ट्रिय कानूनको निरन्तर समीक्षाबारे पक्ष राष्ट्रले प्रदान गरेको जानकारीलाई पनि जानकारीमा लिएको छ। यद्यपि, समितिले देहायका विषयहरूमा सरोकार व्यक्त गर्दछ:-

(क) बेचबिखनको कानूनी परिभाषाले यौनकार्यलाई बेचविखनको दायरामा राखेको छ, जसले यौनकर्मीहरूको अधिकारमा बाधा पुऱ्याउँछ;

(ख) सर्वोच्च अदालतको बेचबिखन मुद्दाहरूको लागि द्रुत-मार्ग (फास्ट-ट्र्याक) निर्देशिका (वि.सं. २०७०) भए तापनि जिल्ला अदालतहरूले ९० दिनभित्र मुद्दाहरू फैसला गर्न असफल भएको र बेचबिखनका पीडितहरू अदालतमा उपस्थित नभएमा जरिबाना गर्न सक्ने व्यवस्था रहेको;

(ग) मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति र राष्ट्रिय कार्ययोजनाको मस्यौदा स्वीकृत नभएको;

(घ) महिला यौनकर्मीहरू विरुद्धको भेदभाव र वेश्यावृत्ति छोड्न चाहने महिला र बालिकाहरूको लागि सुरक्षित काम गर्ने अवस्था र वैकल्पिक आयआर्जनका अवसरहरू सहित वेश्यावृत्तिबाट बाहिर निकाल्ने कार्यक्रमहरू प्रदान गर्न पक्ष राष्ट्रद्वारा अपनाइनुपर्ने उपायहरूको अभाव।

२९. विश्वव्यापी बसाइँसराइको सन्दर्भमा महिला र बालिकाको बेचबिखन सम्बन्धी आफ्नो सामान्य सिफारिस नं. ३८ (सन् २०२०) लाई स्मरण गर्दै समितिले पक्ष राष्ट्रलाई देहायको सिफारिस गर्दछ:

(क) मानव बेचबिखनको प्रोटोकल अनुसार मानव बेचबिखनको सबै स्वरूपहरूलाई अपराधीकरण गर्न मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन र अन्य सान्दर्भिक राष्ट्रिय कानूनहरू संशोधन गर्ने, मानव बेचबिखनको परिभाषालाई अन्तर्राष्ट्रिय कानूनअनुरूप बनाउने र विश्वव्यापी आवधिक समीक्षाको चौथो चक्र (A/HRC/47/10, अनुच्छेद १५९.९८) मा पक्ष राष्ट्रद्वारा गरिएका प्रतिबद्धताहरू अनुसार मानव बेचबिखनका सबै पक्षहरूलाई समावेश गर्ने;

(ख) मानव बेचबिखनका पीडितहरूको शीघ्र पहिचान र उनीहरूलाई उपयुक्त सेवा गर्नको निम्ति सिफारिस गर्ने सुनिश्चित गर्न कार्य सञ्चालन प्रक्रियाहरू (एसओपी) अवलम्बन गर्ने, र अदालतमा उपस्थित हुन नसकेमा बेचबिखनका पीडितहरूलाई अदालतले जरिबाना गर्न सक्ने व्यवस्था हटाउने;

(ग) मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति र मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजनाको मस्यौदालाई तीव्रताका साथ स्वीकृति दिने;

(घ) यौनपेशामा संलग्न महिलाको शोषणबाट कानूनी संरक्षण र निगरानी सुनिश्चित गर्ने र यस्ता गतिविधिहरूमा संलग्न भएकोमा उनीहरूलाई अभियोजन नगर्ने सुनिश्चित गर्ने तथा वेश्यावृत्तिमा संलग्न महिलालाई दुर्व्यवहार र उत्पीडन गर्ने कानून कार्यान्वयन अधिकारीहरूको अनुसन्धान, अभियोजन र दण्ड सहितको बृहत् नीति, कानूनी र नियामकीय ढाँचा निर्माणलाई तीव्रता दिने;

(ङ) वेश्यावृत्तिको माग घटाउन तथा महिला अन्य वस्तु जस्तै बेचविखनको साधन नभएको कुराको पुरुषहरूलाई केन्द्रित गरी शैक्षिक र सचेतना अभिवृद्धिका अभियानहरू सुदृढ गर्ने, र यौनकर्मीहरूको अधिकारको

संरक्षण गर्न र उनीहरूलाई सुरक्षित कार्य वातावरण, शिक्षा र सामाजिक सुरक्षामा पर्याप्त पहुँच, तथा वेश्यावृत्ति छोइन चाहेको अवस्थामा आय-आर्जनका वैकल्पिक अवसरसहित वेश्यावृत्तिबाट बाहिर निकाल्ने उपायहरू अवलम्बन गर्ने।

राजनीतिक र सार्वजनिक जीवनको निर्णय प्रणालीमा समान र समावेशी सहभागिता

३०. समितिले सन् २०२२ मा महिला नगरप्रमुख र गाउँपालिकाको अध्यक्षता गर्ने महिलाहरूको सङ्ख्यामा वृद्धि भएको जानकारीमा लिएको छ। यद्यपि, यसले देहायका विषयहरू सरोकारका साथ जानकारीमा लिएको छ:

(क) सङ्घीय संसदका सदस्यहरूमा ३३.४५ प्रतिशत र कूटनीतिक सेवाका सदस्यहरूमा २३.२९ प्रतिशत मात्र महिला रहेको तथा ३३ राजदूतहरूमध्ये ५ जना मात्र महिला रहेका;

(ख) सार्वजनिक सेवा, कम्पनीहरूको निर्देशक समिति र व्यवस्थापकीय पदहरूमा महिलाको न्यून प्रतिनिधित्व;

(ग) महिला राजनीतिज्ञहरू, उम्मेदवारहरू, र महिला मतदाताहरूलाई लिङ्गभेद र भेदभावबाट संरक्षण गर्ने उपायहरूको अभावले राजनीतिक र सार्वजनिक जीवनमा उनीहरूको समान सहभागितामा बाधा पुऱ्याउने।

३१. राजनीतिक तथा सार्वजनिक जीवनमा महिला सम्बन्धी आफ्नो सामान्य सिफारिस नं. २३ (सन् १९९७) र निर्णय प्रक्रियामा महिलाको समान र समावेशी प्रतिनिधित्व सम्बन्धी सामान्य सिफारिस नं. ४० (सन् २०२४) लाई स्मरण गर्दै, समितिले पक्ष राष्ट्रलाई निर्णय प्रक्रियामा महिलाको प्रतिनिधित्वको लक्ष्य ३० बाट ५० प्रतिशतमा वृद्धि गर्न सिफारिस गर्दछ र यसले:

(क) राजनीतिक तथा सार्वजनिक जीवनमा महिलाको निर्णयात्मक तहमा समान र समावेशी प्रतिनिधित्व प्राप्त गर्न दिगो रूपमा रहेका अवरोधहरूलाई हटाउन र समानता सुनिश्चित गर्न प्राथमिकताका साथ समानता सम्बन्धी एक व्यापक रणनीति कार्यान्वयन गर्ने र महिला र पुरुष उम्मेदवारहरूको राजनीतिक दलहरूको उम्मेदवारी सूचीमा समान स्थान सुनिश्चित गर्न संयुक्त राष्ट्रसङ्घीय महासन्धिको धारा ४(१) र अस्थायी विशेष उपायसम्बन्धी साधारण सिफारिस नं. २५ (सन् २००४) अनुरुप अस्थायी विशेष उपायहरू जस्तै "जिपर प्रणाली" लाई लागू गर्दै, महिला उम्मेदवारहरूका लागि लक्षित निर्वाचन अभियान वित्तपोषण (फाइनान्सिङ्ग) गर्न र सरकारका सबै तहहरूका साथै न्यायपालिका, सार्वजानिक सेवा, परराष्ट्र सेवा, शिक्षाक्षेत्र र अन्तर्राष्ट्रिय संस्थाहरूमा विशेषत:, निर्णयात्मक तहमा, महिला र पुरुषहरूको समानता प्राप्त गर्न कोटा वृद्धि गर्ने;

(ख) पक्ष राष्ट्रमा राजनीतिक स्थायित्व र दिगो विकास हासिल गर्न सञ्चार जगत, राजनीतिज्ञ, धार्मिक तथा सामुदायिक अगुवा र आम जनताको सहकार्यमा महिलाहरूको स्वतन्त्रता र समानताका आधारमा राजनीतिक र सार्वजनिक जीवनमा लोकतान्त्रिक सहभागिता सुनिश्चित गर्न महिला राजनीतिज्ञ तथा उम्मेदवारहरूका लागि अभियान वित्त र राजनीतिक अभियानमा क्षमता विकास, नेतृत्व र वार्ता गर्ने सीपका साथै सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने;

(ग) राजनीतिक साक्षरता वृद्धि गर्न निजी क्षेत्रमा व्यवस्थापकीय पदहरूमा महिलाहरूको लागि तालिम प्रदान गर्ने, नेतृत्व पदहरूमा महिलाको समान प्रतिनिधित्वको महत्त्वबारे रोजगारदाताहरू र प्रबन्धकहरूमा जनचेतना अभिवृद्धि गर्ने र सार्वजनिक तथा निजी सूचीबद्ध कम्पनीहरूको सञ्चालक समिति र नेतृत्वदायी पदहरूमा महिलाको सङ्ख्या बढाउन प्रोत्साहन प्रदान गर्ने;

(घ) न्यायपालिका, सार्वजनिक सेवा र कूटनीतिक नियोगसहित परराष्ट्र सेवामा महिलाको प्राथमिकतासाथ पदपूर्ति गर्ने, र अन्तर्राष्ट्रिय संस्थाहरूमा आवेदन दिने महिला उम्मेदवारहरूलाई सहयोग गर्ने।

महिला मानव अधिकार रक्षाकर्मीहरू

३२. समितिले गृह मन्त्रालयद्वारा वि.सं. २०७८ मा जारी मानव अधिकारकर्मीहरूको सुरक्षा तथा संरक्षणसम्बन्धी आदेशको प्रशंसा गर्दछ। यद्यपि, समुदाय तथा राष्ट्रियस्तरमा, निजी तथा सार्वजनिक दुवै क्षेत्रमा र डिजिटल मिडियामा समेत कार्यरत महिला मानवअधिकार रक्षकहरूले विचार, अभिव्यक्ति, सङ्गठन तथा शान्तिपूर्ण सभाको स्वतन्त्रता सम्बन्धी अधिकारमा अवरोध भोग्नु परेको तथा उनीहरूमाथि डिजिटल निगरानी बढेको सम्बन्धमा प्राप्त प्रतिवेदनहरूप्रति समितिको चासो रहेको छ।

३३. समितिले पक्ष राष्ट्रलाई देहायको सिफारिस गर्दछ:

(क) समितिसँग संलग्न हुन वा संलग्न हुने प्रयास गरेका अवस्थामा समेत, महिला मानव अधिकार रक्षाकर्मीहरूले महिला मानव अधिकारको आफ्नो वकालत स्वतन्त्र रुपले गर्न सक्ने र उनीहरूको अभिव्यक्ति, शान्तिपूर्ण सभा र सङ्गठनको स्वतन्त्रताको अधिकार दुर्व्यवहार, निगरानी वा स्वेच्छाचारी गिरफ्तार वा अनुचित अभियोजन जस्ता अनुचित प्रतिबन्धबाट मुक्त रही प्रयोग गर्न सक्ने सुनिश्चित गर्ने;

(ख) महिला मानव अधिकार रक्षाकर्मीहरू विरुद्ध हुने अनलाइन माध्यमसमेतका दुर्व्यवहार, धम्की, प्रतिशोध, लैङ्गिक हिंसा र भेदभावका सबै कार्यहरूको अनुसन्धान र अभियोजन गर्ने र उनीहरूको व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको अधिकार सुनिश्चित गर्दै पीडितहरूलाई उपचार र क्षतिपूर्ति प्रदान गर्ने।

राष्ट्रियता

३४. समितिले वि.सं. २०८१ माघ मा सरकारलाई पेश गरेको नागरिकता विधेयकका सम्बन्धमा पक्ष राष्ट्रको प्रतिनिधिमण्डलले जानकारीमा लिएको छ। यद्यपि, देहायका विषयहरूका सम्बन्धमा समिति चिन्तित रहेको छ:

(क) संविधानको धारा ११(२), (५) र (७) ले नेपाली आमाका तीन वर्गहरू पहिचान गरी यदि बुबाको पहिचान नभएको अवस्थामा महिलाले स्व-घोषणा गर्नुपर्ने र झुठ्ठो स्व-घोषणा गरेको अवस्थामा दण्डको व्यवस्था गरेको छ। विवाहमार्फत र आफ्ना बच्चाहरूलाई नागरिकता हस्तान्तरण गर्ने महिलाको क्षमता सीमित हुँदा सन्तानहरू जन्मजात राज्यविहीन हुन सक्ने अवस्था रहेको तर, नेपाली बुबाहरूले कुनै विशेष पूर्वशर्तहरू बिना नै आफ्ना सन्तान र विदेशी पत्नीलाई नागरिकता प्रदान गर्न सक्ने;

(ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७८ कार्यान्वयनमा आएपछि आमा वा बाबु दुवैले जन्म दर्ता गराउने व्यवस्था गरिएको भए तापनि, व्यवहारमा बुबा बेपत्ता भएको वा पहिचान नखुलेको अवस्थामा प्राय: जन्मदर्ता प्रमाणपत्र जारी गरिँदैन, जसले गर्दा बालबालिका राज्यविहीन हुने जोखिम बढाउने;

(ग) वि.सं. २०७८ को जनगणना अनुसार पाँच वर्षमुनिका २६ प्रतिशत बालबालिकासँग जन्मदर्ता प्रमाणपत्र नभएको र यौनकर्मी, दीर्घकालीन रूपमा बसोबास गरिरहेका तिब्बती आप्रवासी महिला, भूटानी शरणार्थी महिला तथा शरणार्थी पुरुषसँग विवाह गरेका नेपाली महिला जस्ता विशिष्ट समूहमा पर्ने महिलाको पहिचानसम्बन्धी कागजातहरूमा सीमित पहुँच भएकोले उनीहरूलाई समाजबाट टाढा राख्छ र गरिबीलाई निरन्तरता दिन्छ।

३५. शरणार्थी स्थिति, बसोबास, राष्ट्रियता तथा महिलाको राज्यविहीनताको लैङ्गिक आयामसम्बन्धी समितिको सामान्य सिफारिस नं. ३२ (सन् २०१४) तथा अघिल्लो सिफारिस (CEDAW/C/NPL/CO/6, परिच्छेद ३१) स्मरण गर्दै समितिले पक्ष राष्ट्रलाई देहायका सिफारिस गर्दछ:

(क) नागरिकता विधेयकको स्वीकृतिलाई तीव्र बनाउने र सोबाट नेपाली महिला र उनीहरूका बालबालिका विरुद्ध हुने सबै प्रकारका भेदभावलाई सम्बोधन गर्ने सुनिश्चित गर्ने;

(ख) नेपाली महिलालाई पुरुषसरह समान रूपमा आफ्ना बालबालिकालाई नागरिकता हस्तान्तरण गर्नबाट रोक्ने संविधानको धारा ११(५) र ११(७) खारेज गरी प्रत्येक अभिभावकको वंशजको आधारमा नागरिकता हस्तान्तरण गर्ने स्वतन्त्र अधिकारलाई मान्यता दिने;

(ग) राज्यविहीनताको अवस्था रोक्नको लागि संविधानको धारा ११(३) संशोधन गरी "बुवा र आमा" भन्दा "बुवा वा आमा" लाई जन्म दर्ता गर्न अनुमति दिने;

(घ) नेपाली पुरुषहरूले जस्तै नेपाली महिलाले पनि आफ्नो पतिलाई नागरिकता हस्तान्तरण गर्ने अधिकार सुनिश्चित गर्न र पहिचान नखुलेको बाबु भएका आफ्ना बालबालिकालाई नागरिकता हस्तान्तरण गर्न नेपाली आमाहरूलाई स्व-घोषणापत्रको आवश्यकता र दण्ड व्यवस्था हटाउन संविधानको धारा ११(६) संशोधन गर्ने;

(ङ) संविधान र पक्ष राष्ट्रको अन्तर्राष्ट्रिय मानव अधिकार दायित्वहरू अनुरूप राज्यविहीन महिला, शरणार्थी, आप्रवासी महिला र महिला यौनकर्मीका बालबालिका सहित जुनसुकै कानूनी हैसियत भएको बालबालिका भए पनि सबै बालबालिकाहरूको विश्वव्यापी जन्म दर्ता सुनिश्चित गर्ने;

(च) सन् १९५४ को राज्यविहीन व्यक्तिहरूको स्थितिसँग सम्बन्धित महासन्धि र सन् १९६१ को राज्यविहीनताको अवस्था न्यूनीकरण सम्बन्धी महासन्धिलाई अनुमोदन गर्ने।

शिक्षा

३६. समितिले विद्यालय पाठ्यक्रममा लैङ्गिक समानतालाई प्राथमिकता दिँदै वि.सं. २०७८ /२०७९-सन् २०८७/२०८८ को लागि दशवर्षे विद्यालय शिक्षा योजना कार्यान्वयनलाई प्रशंसाका साथ जानकारीमा लिएको छ। यद्यपि, समितिले देहायका विषयहरूलाई सरोकारको साथ जानकारीमा लिएको छ:

(क) अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (वि.सं. २०७५) र विद्यालय शिक्षा क्षेत्रगत योजनाको कार्यान्वयनमा स्थानीय सरकारहरूको संस्थागत क्षमताको अभाव;

(ख) विशेष गरी मधेश प्रदेशमा बालिकाहरू प्रारम्भिक गर्भावस्था, बालविवाह र अपाङ्गता भएका बालिका विरुद्धको भेदभावका कारण विद्यालय शिक्षा छोड्ने गरेको;

(ग) शिक्षा क्षेत्रमा अपाङ्गता भएका महिला र बालिकाहरू विरुद्धको भेदभाव;

(घ) विद्यालयहरूमा मर्यादित महिनावारी सम्बन्धी विद्यमान मार्गदर्शनहरू भए तापनि विद्यार्थीहरूमा परिवार नियोजन, जिम्मेवारपूर्ण यौन व्यवहार र यौनजन्य रोगहरूको रोकथामको बारेमा ज्ञानको अभाव रहेको।

३७. बालिका र महिलाहरूको शिक्षाको अधिकार सम्बन्धी आफ्नो सामान्य सिफारिस नं. ३६ (सन् २०१७) लाई स्मरण गर्दै, समितिले पक्ष राष्ट्रलाई उनीहरूको सशक्तीकरणको आधारको रूपमा बालिकाहरूको शिक्षाको महत्त्वको बारेमा जागरूकता वृद्धिको लागि सिफारिस गर्दछ र:

(क) अन्तरसम्बन्धित भेदभावका स्वरुपहरू सामना गरिरहेका बालिकाहरूलाई विशेष ध्यानमा राखी स्थानीय सरकारहरूको संस्थागत क्षमतालाई सुदृढ पार्ने र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (वि.सं. २०७५) र वि.सं. २०७९ -२० ९० को लागि विद्यालय शिक्षा क्षेत्रगत योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने;

(ख) बालविवाह र कम उमेरमा गर्भधारण र लैङ्गिक र/वा अपाङ्गताको आधारमा भेदभाव जस्ता बालिकाहरूको विद्यालय छोड्ने कारणहरूलाई सम्बोधन गर्ने, बच्चा जन्मेपछि युवा आमाहरूले आफ्नो शिक्षा पूरा गर्न, डिप्लोमा प्राप्त गर्न र उच्च शिक्षा वा रोजगारीमा पहुँच प्राप्त गर्न विद्यालय फर्कन सक्ने सुनिश्चित गर्ने र पक्ष राष्ट्रमा वैकल्पिक शिक्षण माध्यम र वैकल्पिक सिकाइ प्रणालीको प्रभावबारे अर्को आवधिक प्रतिवेदनमा जानकारी प्रदान गर्ने;

(ग) अपाङ्गता भएका सबै महिला र बालिकाहरूलाई गुणस्तरीय समावेशी शिक्षामा पहुँच सुनिश्चित गर्न र विद्यालयमा उनीहरूलाई टिकाइ राख्न र अपाङ्गता भएका महिला र बालिकाहरूसहित महिला र बालिकाहरूलाई भेदभाव, दुर्व्यवहार र हिंसामुक्त सुरक्षित र समावेशी शैक्षिक वातावरण प्रदान गर्न राष्ट्रिय बुल्लिङ विरुद्धको नीति अपनाउने;

(घ) शिक्षाको सबै तहमा मर्यादित महिनावारी सम्बन्धी मार्गदर्शनको प्रभावकारी कार्यान्वयन गर्ने र विद्यालयको पाठ्यक्रममा देहायका विषयवस्तु समावेश गर्ने: (अ) लैङ्गिक हिंसा र हानीकारक प्रभावको विरुद्ध समावेशी र पहुँचयोग्य लैङ्गिक समानता महिलाको मानव अधिकार र महिला तथा बालिका माथि हुने लैङ्गिक हिंसाको नकारात्मक प्रभाव विरुद्ध लैङ्गिक समानता सम्बन्धी समावेशी र पहुँचयोग्य सामग्री; (आ) यौनजन्य रोगहरु र प्रारम्भिक गर्भावस्थाको रोकथाम र जिम्मेवार यौनिक व्यवहारमा विशेष ध्यान दिँदै उमेर मुताबिक को बृहत यौनिकता शिक्षा, र; (इ) मानव अधिकार र शान्तिको शिक्षा;

(ङ) संयुक्त राष्ट्रसङ्घको शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन (सन् १९६०) को शिक्षामा भेदभाव विरुद्धको महासन्धिलाई अनुमोदन गर्ने।

रोजगारी

३८. समितिले देहायका बिषयहरु सरोकारका साथ जानकारीमा लिएको छ:

(क) श्रम बजारमा विद्यमान् तेर्सो र ठाडो विभाजन एवम् कम तलब भएका अनौपचारिक आर्थिक क्षेत्रहरुमा महिलाहरु केन्द्रित भई शोषण, व्यावसायिक स्वास्थ्य र सुरक्षा जोखिममा परेका र सामाजिक सुरक्षाबाट बञ्चित भएको;

(ख) महिलाहरुमाथि बेतलबी हेरचाह सम्बन्धि कार्यको असमान बोझ जसले उनीहरुको आर्थिक सहभागितामा बाधा पुऱ्याएको छ र पुरुषहरुद्वारा प्रसुति स्याहार बिदाको सीमित प्रयोग हुने गरेको;,

(ग) अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइ.एल.ओ.) को समान पारिश्रमिक महासन्धि, सन् १९५१ (नं. १००) को अनुमोदन गरेको भए तापनि समान कामको लागि समान ज्यालाको सिद्धान्तको सीमित कार्यान्वयन तथा पक्ष राष्ट्रमा ज्यालामा उल्लेखनीय लैङ्गिक अन्तर रहेको;

(घ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन (वि.सं. २०७१) औपचारिक क्षेत्रमा मात्र लागू हुने र धेरै महिला केन्द्रीकृत रहेको अनौपचारिक क्षेत्रलाई समावेश नगरेको तथा उजुरी सुन्ने प्रमुख जिल्ला अधिकारी समक्ष यौनजन्य दुर्व्यवहार सम्बन्धी उजुरीहरु दर्ता नभएको;

(ङ) अपाङ्गता भएका महिला र बञ्चितिकरणमा परेका अन्य महिला समूहहरुको विशेष आवश्यकताहरुलाई डिजिटल अर्थतन्त्रमा सम्बोधन गर्ने उपयहरुको अभाव।

३९. समितिले आफ्नो सामान्य सिफारिस नं. १३ (१९८९)- समान कामको लागि समान ज्याला तथा दिगो विकासका लक्ष्यको लक्ष्य ८.५ जसको उद्देश्य वि.सं. २०८७ सम्ममा युवा र अपाङ्गता भएका व्यक्तिहरु सहित सबै महिला र पुरुषहरुको लागि पूर्ण र उत्पादनमूलक रोजगारी, सम्मानजनक काम र समान कामका लागि समान ज्याला सुनिश्चित गर्नुलाई पुनरावृत्ति गर्दै पक्ष राष्ट्रलाई देहायको सिफारिस गर्दछ:

(क) ग्लास सिलिङ्ग तोड्ने लक्षित उपायहरु अवलम्बन गरी परम्परागत रूपमा पुरुष-प्रधान पेशाहरु सहित निर्णायक पदहरु र उच्च-ज्यालाका कामहरुमा महिलाको पहुँचलाई प्रवर्द्धन गर्न ती क्षेत्रहरुमा महिलाहरुलाई प्राथमिकताका साथ पदपूर्तिमा प्रोत्साहन गर्ने;

(ख) महिलामाथिको अवैतनिक कार्यको बोझ पहिचान गरी मितव्ययी बाल हेरचाह सुविधा र ज्येष्ठ नागरिक हेरचाह सेवाहरु प्रदान गर्दै सो कार्यबोझ घटाउने र पुनर्वितरण गर्ने; साथै पारिवारिक व्यवसायमा संलग्न महिलाहरुको उचित पारिश्रमिक र सामाजिक सुरक्षा योजनाहरुमा पहुँच सुनिश्चित गर्ने;

(ग) समान कामका लागि समान ज्यालाको सिद्धान्त लागू गर्ने, महिलाहरू केन्द्रित भएका क्षेत्रहरूमा ज्यालाको नियमित पुनरावलोकन गर्ने र ज्यालामा लैङ्गिक अन्तर बन्द गर्ने उपायहरू "लैङ्गिक-तटस्थ विश्लेषणात्मक कार्य वर्गीकरण र मूल्याङ्कन" एवम् "निरन्तर ज्याला सर्वेक्षण " विधि अवलम्बन गर्ने;

(घ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन (वि.सं. २०७१) लाई संशोधन गरी यसको दायरा अनौपचारिक क्षेत्रमा विस्तार गर्ने; यौन दुर्व्यवहार पीडित विशेषत: ग्रामीण र दुर्गम क्षेत्रका महिलाहरूको उजुरी अनुसन्धान हुने, आरोपितहरूको अभियोजन हुने, दोषीले पर्याप्त सजाय पाउने र पीडितहरू प्रतिशोधबाट सुरक्षा सहित सहित देवानी र फौजदारी न्यायिक उपचारहरूमापहुँच सुनिश्चित गर्ने; र नियमित श्रम निरीक्षण गर्ने, साथै आइ.एल.ओ. को हिंसा र दुर्व्यवहार महासन्धि, सन् २०१९ (नं. १९०) लाई अनुमोदन गर्ने;

(ङ) विशेष गरी डिजिटल अर्थतन्त्र जस्ता उदीयमान क्षेत्रहरूमा अपाङ्गता भएका महिला र किशोरीहरू समेत सम्पूर्ण महिला र किशोरीका लागि समान अवसरहरू सुनिश्चित गर्ने।

महिला आप्रवासी कामदारहरू

४०. पक्ष राष्ट्र, आप्रवासी महिला र बालिकाहरूको लागि उत्पत्ति, ट्रान्जिट र गन्तव्य देश भएको कुरा समितिले जानकारीमा लिएको छ। अन्तर्राष्ट्रिय रूपमा नेपालबाटजाने आप्रवासीहरू मध्ये ४३.८ प्रतिशत महिला र बालिकाहरू रहेको कुरा जानकारीमा लिदै देहायका विषयहरूमा सरोकारका रास्दछ:

(क) आप्रवासी महिला कामदारहरू, विशेष गरी महिला घरेलु आप्रवासी कामदारहरू विरुद्ध विभिन्न प्रकारका भेदभाव, शारीरिक, मनोवैज्ञानिक, मौखिक र यौन दुर्व्यवहारका आरोपहरू, र दुर्व्यवहार गर्ने रोजगारदाताहरूको दण्डहीनताको सम्बन्धमा रिपोट भएका विभिन्न घटनाहरू;

(ख) वैदेशिक रोजगारीमा, विशेष गरी घरेलु काममा महिलामाथि लगाइएको उमेर सम्बन्धी प्रतिबन्ध;

(ग) महिला आप्रवासी कामदारहरूले प्राय: उच्च भर्ना शुल्क तिर्नुपर्ने बाध्यता छ जसले उनीहरूलाई ऋण लिन बाध्य पार्छ र डेप्थ बण्डेज, जबरजस्ती श्रम, शोषण र बेचबिखनको जोखिम बढ्छ;

(घ) वि.सं. २०७५ मा पीडित आप्रवासी कामदारहरूको लागि कल सेन्टर स्थापना भए तापनि महिलाहरूलाई प्रस्थान पूर्व दिइने तालिम कार्यक्रमहरू सीमित भएकोले महिलाहरू भेदभाव, बेचबिखन र शोषणको जोखिममा पर्ने;

(ङ) फर्किएका आप्रवासी महिलाहरूका लागि लाञ्छनाको सामना गर्ने सम्बन्धि कार्यक्रमहरूको अभावको कारणले पुनर्एकीकरण र भविष्यको रोजगारीको अवसरलाई कमजोर बनाउँछ।

४१. समितिले रोजगार सम्बन्धी तथा रोजगारीको स्वतन्त्र छनौट सम्बन्धी मौलिक अधिकारलाई सम्मान गर्ने आवश्यकता तथा दिगो विकासका लक्ष्य ८.८ लाई स्मरण गर्दै, आप्रवासी कामदारहरू, विशेष गरी महिला आप्रवासीहरू, र अस्वस्थ वातावरणमा रोजगारीमा रहेकाहरू सहित सबै कामदारहरूको लागि श्रम अधिकारको संरक्षण र सुरक्षित काम गर्ने वातावरणको प्रवर्द्धन गर्ने आवश्यकतालाई सम्झँदै, पक्ष राष्ट्रलाई देहायको सिफारिस गर्दछ:

(क) नेपाली महिला आप्रवासी कामदारहरू, महिला घरेलु कामदारहरू संलग्न गन्तव्य देशहरूसँग गरिएको सबै द्विपक्षीय सम्झौताहरूमा उनीहरूको मानव अधिकार उल्लङ्घनको अनुसन्धान र अभियोजन गर्न प्रोटोकलहरू समावेश गर्ने र पीडितहरूलाई क्षतिपूर्ति प्रदान गर्न सुनिश्चित गर्ने;

(ख) विदेशमा घरेलु काम खोज्ने महिलाको लागि उमेरको हदबन्दी हटाउन र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप कामदारहरूको लागि न्यूनतम उमेर तोक्न वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने निर्देशिका (वि.सं. २०७१) लाई संशोधन गर्ने;

(ग) कर्मचारी वा श्रमिक भर्ना सम्बन्धी क्रियाकलापहरूको अनुगमन गर्न, लागत घटाउन र महिला आप्रवासी कामदारहरूको लागि सुरक्षित अवस्था सुनिश्चित गर्न, उनीहरूलाई उपलब्ध कानूनी उपचारहरूको बारेमा जानकारी तथा पहुँच बढाउन, लैङ्गिक र अन्तरसम्बन्धित अवरोधहरूलाई सम्बोधन गर्न सरकारी निकायहरू, नागरिक समाज र ट्रेड युनियनहरू बीच समन्वय बढाउने;

(घ) मानव बेचबिखनको जोखिममा पर्न सक्ने चेतना अभिवृद्धि अभियानहरू सञ्चालन गर्ने र आप्रवासी महिला र बालिकाहरूलाई निःशुल्क कानूनी सहायता, हटलाइन सेवाहरू र प्रस्थान पूर्व तालिम प्रदान गर्ने;

(ङ) आप्रवासनबाटफर्किएका महिला कामदारहरूको पुनर्एकीकरणलाई सहज बनाउन लैङ्गिक-उत्तरदायी सहायता प्रदान गर्ने।

स्वास्थ्य

४२. समितिले देहायका विषयहरूमा जानकारीका साथ सरोकार राख्दछ:

(क) उच्च मातृ मृत्युदरको (सन् २०२३ मा प्रति १००,००० जीवित जन्ममा १५१ मृत्यु) र विशेष गरी ग्रामीण र दुर्गम क्षेत्रहरूमा गर्भावस्था र प्रसव पश्चात (एन्टेनेटल र पोष्टनेटल) स्वास्थ्य सेवाहरूमा महिलाको सीमित पहुँच;

(ख) विशेषत: ग्रामीण महिला, आदिवासी महिला, अपाङ्गता भएका महिला, यौनकर्मी र लैङ्गिक तथा यौनिक अल्पसंख्यक महिलाहरू (लेस्बियन, बाईसेक्सुअल, ट्रान्सजेन्डर र इन्टरसेक्स) को लागि यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी उमेर-उपयुक्त शिक्षाको अभाव, सुपथ महिनावारी-स्वच्छता सामग्रीहरू, गर्भनिरोधकहरू, परिवार नियोजन सेवाहरू, स्त्री रोग सेवाहरू, आत्महत्या रोकथाम सहितको मानसिक स्वास्थ्य सेवाहरू र गैरआकस्मिक चिकित्सा सेवामा सीमित पहुँच;

(ग) गर्भपतनलाई वैधानिकता दिइएको भए तापनि यस सम्बन्धी सेवाहरूको, उपलब्धता र गुणस्तरमा सीमितता, प्रशिक्षित कर्मचारीहरूको कमी, अपर्याप्त पूर्वाधार, उपलब्ध सेवाहरूको सम्बन्धमा महिलामा चेतनाको अभाव र लाञ्छनाका कारण सुरक्षित गर्भपतन सेवाहरू पूर्ण रूपमा पहुँचयोग्य नभएका कारणले असुरक्षित गर्भपतनको सङ्ख्या उच्च रहेको;

(घ) विशेष गरी युवती, आदिवासी महिला, अपाङ्गता भएका महिला, यौनकर्मी र लैङ्गिक तथा यौनिक अल्पसंख्यक महिलाहरू (लेस्बियन, बाईसेक्सुअल, ट्रान्सजेन्डर र इन्टरसेक्स) विरुद्ध भेदभाव, दुषित व्यवहार, दुर्व्यवहार र प्रसूति हिंसाका घटनाको प्रतिवेदनहरू;

(ङ) एचआईभी/एड्स भएका महिला र युवतीहरूको लागि एन्टी रेट्रोभाइरल उपचारको पहुँचमा सीमितता, लाञ्छना र सामाजिक बहिष्कार;

(च) अन्तरलिङ्गी र अपाङ्गता भएका बालिकासहित बालबालिकाहरूमा गरिएको अनावश्यक र अपरिवर्तनीय चिकित्सकीय शल्यक्रिया र उपचारका घटनाहरू।

४३. समितिले महिला र स्वास्थ्य सम्बन्धी आफ्नो सामान्य सिफारिस नं. २४ (वि.सं. २०५५) र दिगो विकासका लक्ष्यहरूमध्ये यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूमा विश्वव्यापी पहुँच सम्बन्धी लक्ष्य ३.७ पुनावृत्ति गर्दै पक्ष राष्ट्रलाई देहायको सिफारिस गर्दछ:

(क) विशेष गरी ग्रामीण क्षेत्रका महिला स्वास्थ्यकर्मी तथा अन्य सम्बन्धित चिकित्साकर्मीलाई तालिम सहित उच्च मातृ मृत्युदर घटाउन गर्भावस्था, प्रसव पूर्व र प्रसव पश्चात (एन्टेनेटल, पेरिनेटल र पोष्टनेटल) स्वास्थ्य सेवाहरूमा महिलाको पहुँच अभिवृद्धि गर्ने;

(ख) ग्रामीण महिला तथा किशोरीहरू, अविवाहित महिलाहरू, अपाङ्गता भएका महिला तथा किशोरीहरू सहित सम्पूर्ण महिला तथा किशोरीहरूका लागि परिवार नियोजन, गर्भनिरोधका आधुनिक साधन, सुरक्षित गर्भपतन र गर्भपतन पछिका सेवाहरू लगायतका यौन तथा प्रजनन स्वास्थ्य सेवा र त्यसको सूचनालाई पहुँचयोग्य बनाउने;

(ग) जातीय अल्पसङ्ख्यक, अपाङ्गता भएका, ग्रामीण,, यौनकर्मी एवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यक महिलाहरू (लेस्बियन, बाईसेक्सुअल, ट्रान्सजेन्डर र इन्टरसेक्स) सहितसबै महिला र किशोरीहरूका लागि आत्महत्या रोकथाम कार्यक्रम सहितको मानसिक स्वास्थ्य सेवा, ग्रामीण र दुर्गम क्षेत्रमा आधुनिक र आपतकालीन गर्भनिरोधक र स्वच्छ महिनावारी सामग्री लगायतका यौन तथा प्रजनन स्वास्थ्य सेवाहरू पर्याप्त पहुँच सुनिश्चित गर्ने;

(घ) प्रसवको समयमा गर्भवती महिलालाई सुरक्षा दिन कानूनी र नीतिगत उपायहरू अपनाउने, महिला र बालिकाहरू विरुद्ध हुने प्रसूति हिंसा र भेदभावलाई दण्डित गर्ने, स्वास्थ्य व्यवसायीहरूको लागि क्षमता अभिवृद्धि कार्यक्रमहरूलाई सुदृढ पार्ने र स्वास्थ्य सेवा केन्द्रहरू र अस्पतालहरूमा महिला बिरामीहरूको उपचारको नियमित अनुगमन सुनिश्चित गर्ने;

(ङ) आमाबाट बच्चामा सर्ने एचआईभी/एड्स रोकथाम गर्न गर्भवती महिला सहित एचआईभी/एड्स भएका सबै महिला र किशोरीहरूका लागि निःशुल्क एन्टी रेट्रोभाइरल उपचार प्रदान गर्ने र एचआईभी/एड्सको साथ बाँचिरहेका महिला र युवतीहरूमा हुने लाञ्छना र सामाजिक बहिष्कारलाई सम्बोधन गर्ने;

(च) अपाङ्गता भएका बालिका र सबै बालिका सहित अन्तरलिङ्गी बालबालिकाहरूमा स्वनिर्णय लिन सक्ने एवम् स्वतन्त्र र पूर्वसूचित मञ्जुरी प्रदान गर्न सक्ने उमेर वा परिपक्वता नपुग्दै अनावश्यक चिकित्सा वा शल्यक्रियागत हस्तक्षेप गर्न प्रतिबन्ध लगाउने; अन्तरलिङ्गी बालबालिका लगायत बालिकाहरूको स्वायत्तता र शारीरिक अखण्डतालाई कायम राख्न मानव अधिकारमा आधारित स्वास्थ्य सेवा प्रोटोकलहरू स्वीकृत गरी कार्यान्वयन गर्ने; अन्तरलिङ्गी बालबालिका र उनीहरूका परिवारहरूलाई निःशुल्क कानूनी सहायता एवम् चिकित्सा र मनोसामाजिक सेवाहरू सुनिश्चित गर्ने।

महिलाको आर्थिक सशक्तीकरण

४४. बञ्चितिकरणमा परेका महिला समूहहरूको सामाजिक सुरक्षा कार्यक्रमहरूमा पहुँच बढाउन महिला पहिला कार्यक्रम (वि.सं. २०७९) र एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा ढाँचा (वि.सं. २०८१) अवलम्बन गरेकोमा समितिले प्रशंसा व्यक्त गर्दछ। यद्यपि, समिति गरिबी भित्रको महिलाकरणमा चिन्तित छ। विशेष गरी, समितिले देहायका विषयहरूमा चासो व्यक्त गर्दछ:

(क) ऋण, जग्गा जमिन र सम्पतिमा पहुँच सम्बन्धी कानूनी प्रावधानहरू भए तापनि कानून कार्यान्वयन कमजोर रहेको र महिला, खासगरी आदिवासी, दलित, मधेसी, अपाङ्गता भएका महिला, लैङ्गिक हिंसापिडित महिला, गरिबीमा बाँचिरहेका महिला, अवैतनिक काममा रहेका महिला र विधवाहरूले प्रायः आर्थिक र सामाजिक लाभ तथा अवसरहरूमा पहुँच प्राप्त गर्न चुनौतीहरूको सामना गर्दछन्;

(ख) नागरिकताको प्रमाणपत्र वा अन्य आवश्यक कागजातहरूको अभाव, धितोको माग, र परिवारका पुरुष सदस्यहरूद्वारा जग्गाको हकदाबीमा नियन्त्रणको कारणले गर्दा पक्ष राष्ट्रमा जग्गाको स्वामित्व, ऋण र अन्य प्रकारका वित्तीय पुँजी, बैङ्क खाता र वित्तीय सेवाहरूमा महिलाको सीमित पहुँच रहेको।

४५. समितिले पक्ष राष्ट्रलाई देहायको सिफारिस गर्दछ:

(क) सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय रणनीतिमा लैङ्गिकतालाई मूलप्रवाहीकरण गरी गरिबी भित्रको महिलाकरण (फेमिनाइजेसन अफ पोभर्टी) लाई सम्बोधन गर्ने र राष्ट्रिय लैङ्गिक समानता नीतिको

कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र पुनरावलोकनमा महिला, विशेष गरी बञ्चितिकरणमा परेका महिलाहरूको समान सहभागिता सुनिश्चित गरी पर्याप्त सामाजिक र आर्थिक लाभ, आर्थिक सशक्तिकरण र सामाजिक सुरक्षाका योजनाहरूमा निजहरूको पहुँच सुनिश्चित गर्ने;

(ख) महिलाको आर्थिक सशक्तीकरणमा विभेदपूर्ण लैङ्गिक यथास्थितिवादी धारणा र अवरोधहरूलाई सम्बोधन गर्ने र महिलालाई जग्गाको स्वामित्व, धितो बिना कम ब्याजदरमा ऋण र अन्य प्रकारका वित्तीय ऋणमा पुरुषहरू सरह समान पहुँच सुनिश्चित गर्ने र महिलालाई सामान र उत्पादनहरूको सन्दर्भमा विद्युतीय व्यापार र सीमापारि व्यापारमा संलग्न गर्नको लागि व्यापारिक सञ्जाल, स्रोतहरू, उद्यमशीलताका अवसरहरू र सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार गर्ने।

ग्रामीण, आदिवासी र दलित महिला

४६. पक्ष राष्ट्रमा ७४ प्रतिशत महिला कृषिमा कार्यरत रहेको, पक्ष राष्ट्रको कुल महिला जनसङ्ख्याको ३६ प्रतिशत आदिवासी महिला रहेको र १५ प्रतिशत महिला दलित रहेको समितिले जानकारीमा लिएको छ। नीति निर्माण गर्ने, निर्णय लिने, बजेट विनियोजन र जग्गाको स्वामित्व पुरुषहरूद्वारा नियन्त्रित रहेकोमा समितिको सरोकार रहेको छ। समितिले देहायका विषयहरूमा विशेषसरोकार राख्दछ:

(क) संविधानमा आदिवासी महिलाको अधिकारको पहिचानको साथै आत्मनिर्णयको सामूहिक अधिकारमा अभाव रहेको;

(ख) शिक्षा, रोजगारी, स्वास्थ्य सेवा, वित्तीय पुँजी र आधुनिक कृषि प्रविधिहरूमा ग्रामीण र आदिवासी महिलाको सीमित पहुँच र निर्णय तथा नेतृत्व तहमा उनीहरूको कम प्रतिनिधित्व रहेको;

(ग) विदेशी लगानीकर्ता र निजी उद्यमहरूले आदिवासी समुदायको भूमि र प्राकृतिक स्रोत साधनको प्रयोग गरी कार्यान्वयन गर्ने पर्यटन, कृषि-औद्योगिक र निर्माण परियोजनाहरू जस्ता ठूला परियोजनाहरूमा ग्रामीण र आदिवासी महिलाहरूसँगको परामर्शको अभाव, साथै प्राकृतिक प्रकोप, कृषि उपजको क्षति र खाद्य तथा जल असुरक्षा लगायत ग्रामीण र आदिवासी महिलाहरूमा जलवायु परिवर्तनको प्रतिकूल प्रभाव परेको;

(घ) जात र लिङ्गका आधारमा हुने छुवाछुत र भेदभावलाई निषेध गर्ने विद्यमान राष्ट्रिय कानून भए तापनि दलित महिला र बालिकाहरूले व्यापक भेदभाव, यौन दुर्व्यवहार, लैङ्गिक हिंसाका साथै शिक्षा, रोजगारी, स्वास्थ्य सेवा र आर्थिक तथा सामाजिक लाभहरूमा सीमित पहुँचको सामना गरिरहेका र निर्णय प्रक्रियाबाट समेत बहिष्कृत भएको अवस्था रहेको।

४७. ग्रामीण महिलाको अधिकार सम्बन्धी समितिको सामान्य सिफारिस नं. ३४ (सन् २०१६), जलवायु परिवर्तनको सन्दर्भमा विपद् जोखिम न्यूनीकरणको लैङ्गिक आयाम सम्बन्धी सिफारिस नं. ३७ (सन् २०१८) र आदिवासी महिला तथा बालिकाहरूको अधिकार सम्बन्धी सिफारिस नं. ३९ (सन् २०२२) लाई स्मरण गर्दै समितिले पक्ष राष्ट्रलाई देहायको सिफारिस गर्दछ:

(क) आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घको घोषणापत्र अनुरुप आदिवासी महिलाको आत्मनिर्णयको अधिकार सहितको अधिकारलाई स्पष्ट रुपमा मान्यता दिन संविधानमा संशोधन गर्ने;

(ख) ग्रामीण र आदिवासी महिलाहरूको यौन तथा प्रजनन स्वास्थ्य सेवाहरू लगायतका स्वास्थ्य सेवाहरू, निर्णय तथा नेतृत्व तहहरू, शिक्षा, औपचारिक रोजगारी, सामाजिक सुरक्षा, आवास, पर्याप्त पानी र सरसफाइका साथै आधुनिक कृषि प्रविधिहरू जस्तै बाली कटान विधि, संरक्षण, भण्डारण, प्रशोधन, प्याकेजिङ, मार्केटिङ र उद्यमशीलतामा पहुँच प्रवर्द्धन गर्न ग्रामीण क्षेत्रमा सेवा प्रवाह सुनिश्चित गर्ने प्रयासहरूलाई तीव्र पार्ने;

(ग) आदिवासी महिलाहरूको प्रभावकारी सहभागितामा मात्रै आदिवासी समुदायका क्षेत्र र संरक्षित क्षेत्रहरूमा काठ काट्ने, पर्यटकीय र खानी उत्खनन गर्ने कार्यका साथै जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन

कार्यक्रमहरू तथा संरक्षण परियोजनाहरू लगायतका आर्थिक गतिविधिहरू कार्यान्वयन गर्न सकिने र उनीहरूको स्वतन्त्र, र पुर्वसूचित मञ्जुरी र समतामूलक लाभ बाँडफाँडको अधिकारको पूर्ण सम्मानलाई सुनिश्चित गर्ने;

(घ) सरकारका सबै तहहरू विशेषगरी नीति निर्माण गर्ने निकायहरू, संवैधानिक निकायहरू, परराष्ट्र सेवा र सार्वजनिक सेवामा दलित महिलाको प्रतिनिधित्व बढाउने, जातीय भेदभाव र छुवाछुतका घटनाहरूको अनुगमन र अनुसन्धान गर्ने, र सबै क्षेत्रमा दलित महिला विरुद्ध हुने भेदभावमा शून्य-सहनशीलता नीति लागू गर्ने।

अपाङ्गता भएका महिला र बालिकाहरू

४८. समितिले अपाङ्गता-उत्तरदायी स्वास्थ्य सेवा निर्देशनहरू (सन् २०२१) जारी भएको जानकारी राख्दछ। यद्यपि, अपाङ्गता भएका महिला र बालिकाहरूले पक्ष राष्ट्रमा भेदभाव, लाञ्छना र लैङ्गिक हिंसाका सबै अन्तरसम्बन्धित स्वरूपहरू साथै, न्याय, शिक्षा, रोजगारी र स्वास्थ्य सेवाहरूमा पहुँच गर्न महत्वपूर्ण अवरोधहरूको सामना गर्छन् र राजनीतिक र सार्वजनिक जीवनबाट बहिष्करणमा परेकोमा समितिले सरोकार राख्दछ। यसर्थ, अपाङ्गता भएका महिला र बालिकाहरूले स्वतन्त्र र पुर्वसूचित मञ्जुरी बिना जबरजस्ती बन्ध्याकरण लगायत शारीरिक परीक्षण र चिकित्सा उपचार र प्रक्रियाहरू भोग्नु परेकोमा समेत समितिले सरोकार राख्दछ।

४९. अपाङ्गता भएका महिला सम्बन्धी समितिको सामान्य सिफारिस नं. १८ (सन् १९९१) र सन् २०१८ को अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिको सिफारिस (CRPD/C/NPL/CO/1)) अनुरूप समितिले पक्ष राष्ट्रलाई अपाङ्गता भएका महिला र बालिकाहरूले न्याय, समावेशी शिक्षा, रोजगारी र यौन तथा प्रजनन स्वास्थ्य सेवाहरू लगायतका स्वास्थ्य सेवाहरूमा पहुँच राख्न सक्षम छन् भनी सुनिश्चित गर्ने र उनीहरूले स्वतन्त्र र पूर्व जानकारी सहित मञ्जुरी प्रदान गरेपछि मात्र कुनै पनि परीक्षण वा उपचार गर्ने सुनिश्चित गर्न सिफारिस गर्दछ।

जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण

५०. समितिले पक्ष राष्ट्र जलवायु परिवर्तनबाट गम्भीर रूपमा प्रभावित भएको कुरा जानकारीमा लिएको छ। पक्ष राष्ट्रले सन् २०१८ मा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन प्राधिकरणको स्थापना, साथै लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजनाको कार्यान्वयन, र जलवायु परिवर्तन अनुकूलनलाई विद्यमान नीति, रणनीति र योजनाहरूमा एकीकृत गर्न राष्ट्रिय अनुकूलन योजनालाई कार्यान्वयनमा ल्याएको कुरालाई समितिले जानकारीमा लिएको छ । यद्यपि, महिला, विशेष गरी ग्रामीण महिला, आदिवासी महिला, आप्रवासी महिला, अपाङ्गता भएका महिला र गरिबीमा बाँचिरहेका महिलाहरू प्रायः खुला क्षेत्रहरूमा बस्ने र जलवायु परिवर्तनको प्रभावको सामना गर्ने संयन्त्रहरूको अभावको कारण जलवायु परिवर्तन, पहिरो, बाढी र जैविक विविधताको क्षतिबाट असमान रूपमा प्रभावित हुने गरेको विषयमा समिति चिन्तित छ।

५१. जलवायु परिवर्तनको सन्दर्भमा विपद् जोखिम न्यूनीकरणको लिङ्गमा आधारित आयामहरूमा आफ्नो सामान्य सिफारिस नं. ३७ (सन् २०१८) अनुरूप, पक्ष राष्ट्रले महिला, विशेष गरी ग्रामीण महिलाको जीविकोपार्जनमा जलवायु परिवर्तनको नकारात्मक प्रभावहरूलाई ध्यानमा राख्दै आफ्नो जलवायु परिवर्तन र विपद् प्रतिक्रिया रणनीतिहरूको पुनरावलोकन गर्न, र जलवायु परिवर्तन, विपद् प्रतिक्रिया र विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानून, नीति र कार्यक्रमहरूको विकास गरी कार्यान्वयनमा महिलाको समान प्रतिनिधित्व सुनिश्चित गर्न समितिले देहायको सिफारिस गर्दछ:

(क) महिला र बालिकाहरूमा जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको प्रभावको बारेमा छुट्टाछुट्टै तथ्याङ्क सङ्कलन गर्ने;

(ख) **लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण सम्बन्धी रणनीतिक कार्ययोजनाको कार्यान्वयनलाई सुदृढ पार्ने र महिला तथा बालिकाको उत्थानशील र जलवायु परिवर्तनको प्रभावकारी अनुकूलन निर्माण गर्न जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण कानून, नीति, वित्तीय लगानी र कार्यक्रमहरूमा लैङ्गिक दृष्टिकोण समावेश गर्ने;**

(ग) **जलवायु परिवर्तनसँग सम्बन्धित निर्णय र जलवायु परिवर्तनको प्रभावहरूप्रति महिला तथा बालिकाहरूको उत्थानशीलता निर्माण गर्न अनुकूलन रणनीति र कार्यहरूको विकासमा प्रभावकारी रूपमा सहभागी हुने र उनीहरूलाई आफ्नो अधिकारको माग गर्न सशक्त बनाउनको लागि ग्रामीण महिला तथा अपाङ्गता भएका महिला लगायत समुदाय, महिला र बालिकाहरूमा जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापन साक्षरता र जागरूकता वृद्धि गर्ने;**

(घ) **सन् २०२२ मा सम्पन्न UNFCC सम्मेलनको सत्ताइसौं सत्रमा निर्णय गरिएअनुसार वातावरणीय क्षति र नोक्सानीको शोधभर्ना वा क्षतिपूर्ति दिन नयाँ कोष व्यवस्थाको सिर्जना र सञ्चालनमा महिलाको सक्रिय सहभागिता सुनिश्चित गर्न सहयोग गर्ने।**

विवाह र पारिवारिक सम्बन्धहरू

५२. समितिले देहायका विषयहरू सरोकारको साथ जानकारीमा लिएको छ:

(क) देवानी संहिताको दफा ७९ ले महिला र पुरुष दुवैको लागि विवाहको न्यूनतम उमेर २० वर्ष तोकेको भए तापनि पक्ष राष्ट्रका ३३ प्रतिशत बालिकाहरूले १८ वर्ष उमेर नपुग्दै विवाह गर्ने र विवाह गर्ने नाबालिगहरूलाई अभियोजन हुन सक्ने;

(ख) देवानी संहिताको दफा ७४(१) मा कुनै महिलाले बच्चा जन्माएमा उनलाई स्वत: विवाहित मानिने व्यवस्था राज्यले गरिदिने जबरजस्ती विवाह सरह हुने र संशोधन ऐन (वि.सं. २०७४) को विवाहित पुरुषले विवाह गर्दा स्वत: विवाह नहुने व्यवस्था समेतको प्रतिकूल रहेको;

(ग) एकतर्फी सम्बन्ध विच्छेद (तलाक) र दाइजो प्रथामा कानूनी रुपमा प्रतिबन्धित भए तापनि यस्ता हानीकारक अभ्यासहरू अझै पनि रहेको र आमाले पुन: विवाह गरेमा बालबालिकालाई आमाको संरक्षणबाट हटाइने गरेको;

(घ) छोरी र पत्नीलाई अपुतालीमा समान अधिकार सुनिश्चित गर्ने कानूनी व्यवस्था भए तापनि परम्परागत अभ्यास र सामाजिक दबाबका कारण महिला विशेषगरी विधवा, एकल आमाहरू र अपाङ्गता भएका महिला तथा बालिकाहरूले आफ्नो अपुतालीको हक दाबी गर्नबाट रोकिने;

(ङ) सर्वोच्च अदालतको अन्तरिम आदेशपछि पक्ष राष्ट्रको एउटा नगरपालिकाको सम्बन्धमा नजिर स्थापित भए तापनि मुलुकी संहिताको दफा ६७ लाई समलिङ्गि विवाह वा "अन्य" भनेर चिनिएका व्यक्तिहरू बीचको सम्बन्धलाई मान्यता दिने गरी संशोधन गर्न असफल भएको;

(च) महिलाले विवाहपछि आफ्नो थर र ठेगाना गुमाउने गरेको।

५३. **विवाह तथा पारिवारिक सम्बन्धमा समानता सम्बन्धी आफ्नो सामान्य सिफारिस नं. २१ (सन् १९९४) र विवाह, पारिवारिक सम्बन्ध तथा ती सम्बन्धहरूको विघटनका आर्थिक प्रभावसम्बन्धी सामान्य सिफारिस नं. २९ (सन् २०१३), साथै खराब अभ्यासहरू सम्बन्धी महिला विरुद्धको भेदभाव अन्त्य सम्बन्धी समितिको संयुक्त सामान्य सिफारिस नं. ३१/बालअधिकार सम्बन्धी समितिको साधारण टिप्पणी नं. १८ (सन् २०१९) लाई स्मरण गराउँदै, समितिले पक्ष राष्ट्रलाई देहायका सिफारिस गर्दछ:**

(क) **बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति, (वि.सं. २०७१) लाई बालविवाह अन्त्य गर्ने राष्ट्रिय कार्ययोजना वि.सं. २०७५-२०८७ सँग तादात्म्यता मिलाउने, बालक र बालिका दुवैका लागि विवाहको न्यूनतम**

उमेर बालअधिकार सम्बन्धी महासन्धिबाट परिभाषित १८ वर्ष कायम गर्ने, विवाहमा सहमति, न्यूनतम विवाह उमेर र विवाह दर्तासम्बन्धी सन् १९६२ को महासन्धिमा सम्मिलन हुने, र उमेर नपुगी विवाह गर्ने नाबालिगहरूलाई आपराधीकरण गर्ने अभ्यासको अन्त्य गर्ने;

(ख) राज्यद्वारा जबर्जस्ती विवाह र बहुविवाह रोक्न स्वत: विवाह सम्बन्धी कानूनी व्यवस्था खारेज गर्ने, र वैवाहिक स्थिति जेसुकै भए तापनि पुरुषहरूले बाबुको रूपमा दायित्व वहन गर्नुपर्छ भन्ने सुनिश्चित गर्न कानूनी प्रावधान बनाउने;

(ग) सम्बन्ध विच्छेदको लागि समान आधार र प्रक्रिया, पारिवारिक सम्पत्तिको अंशबण्डामा समानता, जबर्जस्ती सम्बन्ध विच्छेद तथा दाइजो प्रथा विरुद्धको प्रतिबन्धको प्रभावकारी कार्यान्वयन गरी महिलाको विवाह तथा सम्बन्ध विच्छेदमा समान अधिकार सुनिश्चित गर्ने, र सम्बन्धित ग्रास-रूट नागरिक समाज सङ्गठनहरूलाई समर्थन गरेर ती अभ्यासहरू विरुद्ध आमजनताको जागरुकता अभिवृद्धि र शिक्षा प्रदान गर्ने;

(घ) बालबालिकाको हितलाई आधार मानी संरक्षकत्वको निर्णय हुने विषय सुनिश्चित गर्ने, र आमाले पुन:विवाह गरेकै कारणले मात्र बालबालिकालाई आमाको संरक्षणबाट नहटाउने;

(ङ) अपुताली सम्बन्धी कानूनी व्यवस्थाहरू लागू गर्ने र महिला, विशेषत: विधवा, एकल आमा तथा अपाङ्गता भएका महिला र बालिकाहरूलाई अपुताली प्राप्त गर्न अवरोध पैदा गर्ने व्यावहारिक बाधाहरूलाई जनचेतना अभिवृद्धि, डरधम्कीबाट सुरक्षा, र न्यायिक निकायहरू लगायत परम्परागत अदालतका न्यायिक अगुवा र न्यायाधीश समेतलाई प्रशिक्षण दिई सो मार्फत हटाउने;

(च) मुलुकी संहिताको दफा ६७ लाई संशोधन गरी समलैङ्गिक विवाह वा "अन्य" भनेर चिनिएका व्यक्तिहरूको सम्बन्धलाई मान्यता दिने, र यस्ता सम्बन्धमा रहेका व्यक्तिहरूका अधिकार र दायित्वहरूलाई विषम लैङ्गिक विवाहका जोडीका अधिकार र दायित्वहरूसँग बराबरी गर्ने;

(छ) विवाहित महिलाले आफ्नो थर र ठेगाना कायम राख्न सक्ने सुनिश्चित गर्ने।

महासन्धिको धारा २०(१) मा संशोधन

५४. समितिले महासन्धिको बैठक समय सम्बन्धी धारा २०(१) मा भएको संशोधनलाई सकेसम्म छिटो स्वीकार गर्न प्रोत्साहित गर्दछ।

बेइजिङ घोषणापत्र र कार्यको लागि प्लेटफर्म

५५. समितिले पक्ष राष्ट्रलाई महिला र पुरुषहरू बीचको सारभूत समानता प्राप्त गर्न बेइजिङ घोषणापत्र र कार्यमञ्च बमोजिम महासन्धिमा समावेश अधिकारहरूको प्राप्तिको लागि थप मूल्याङ्कन गर्न आह्वान गर्दछ।

प्रचारप्रसार

५६. वर्तमान निष्कर्षात्मक टीप्पणीहरूको आधिकारिक भाषा(हरू)मा समयमै अनुवाद गरी सबै तह (राष्ट्रिय, क्षेत्रीय र स्थानीय) लगायत सरकार, संसद र न्यायपालिकामा समेत पूर्ण कार्यान्वयनको लागि प्रचारप्रसार गर्न समितिले पक्ष राष्ट्रलाई अनुरोध गर्दछ ।

अन्य सन्धिहरूको अनुमोदन

५७. समितिले अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी ९ प्रमुख सन्धिहरू[1] को पालना गर्नाले महिलाहरूले जीवनका सबै पक्षहरूमा आफ्नो मानव अधिकार र मौलिक स्वतन्त्रताको उपभोग बढाउने कुरा उल्लेख गर्दछ। समितिले पक्ष राष्ट्रलाई सबै आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र जबरजस्ती बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गर्न प्रोत्साहित गर्दछ ।

निष्कर्षात्मक तिप्पणीहरूको अनुगमन/फलो-अप

५८. समितिले दुई वर्षभित्र राष्ट्रियता सम्बन्धी परिच्छेद ३५(ख) र ३५(ग) तथा विवाह र पारिवारिक सम्बन्ध सम्बन्धी ५३(ग) र ५३(ङ) मा समावेश गरिएका सिफारिसहरू कार्यान्वयन गर्न चालिएका उपायहरूको बारेमा लिखित जानकारी उपलब्ध गराउन पक्ष राष्ट्रलाई अनुरोध गर्दछ।

आगामी प्रतिवेदनको तयारी

५९. समितिले पक्ष राष्ट्रद्वारा गरिनुपर्ने प्रतिवेदनको नियमित र स्पष्ट कार्यतालिका (महासभाको प्रस्ताव ७९/१६५, परिच्छेद ६) बमोजिम संयुक्त आठौं र नवौं प्रतिवेदनको लागि समयसीमा निर्धारण गरी पक्ष राष्ट्रलाई जानकारी गराउनेछ । साथै, प्रतिवेदन अवधिका लागि मुद्दा र प्रश्नहरूको सूची प्राप्त भएसम्म जानकारी गराउनेछ । अर्को आवधिक प्रतिवेदनहरूले प्रतिवेदन पेश गर्ने समयसम्मको सम्पूर्ण अवधिलाई समेट्नु पर्नेछ।

६०. समितिले पक्ष राष्ट्रलाई अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरू अन्तर्गत रिपोर्टिङ गर्दा सामञ्जस्यपूर्ण मार्गदर्शन लगायत साझा मुख्य दस्तावेज र सन्धि-विशिष्ट दस्तावेज मार्गदर्शन (HRI/GEN/2/Rev/6, chap=I) को पालना गर्न अनुरोध गर्दछ।

---

१. आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध; नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध; जातीय भेदभावका सबै रूपहरू उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध; महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि; यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि; बाल अधिकार सम्बन्धी महासन्धि; सबै आप्रवासी कामदारहरू र उनीहरूका परिवारका सदस्यहरूको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि; जबरजस्ती बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिहरूको संरक्षणको लागि अन्तर्राष्ट्रिय महासन्धि; र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि।